**गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्दछन् ।
- सङ्क्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख १३ गते बुधवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 April 26 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३५

## शिवचन्द्रको गढमा मतगणना हुँदा तीन हजार तल मतान्तर, १२ हजार मत गणना गर्न बाँकी

राधेश्याम पटेल, वीरगंज, १२ वैशाख/

वैशाख १० गते भएको तीन जिल्लाको उपचुनावको नतीजामध्ये दुईवटा जिल्लाको नतीजा आइसकेको छ भने बारा २ को नतीजा आउन बाँकी छ। तनहुँ १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार स्वर्णिम वाग्ले र चितवन २ मा सोही पार्टीका सभापति रवि लामिछाने भारी मतान्तरले विजय भएका छन् भने बारा २ मा जसपा अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका उम्मेदवार शिवचन्द्र कुशवाहाबीच प्रतिस्पर्धा छ।



अबेर राति सम्म नतिजा पर्खिंदै जसपा अध्यक्ष उपेन्द्र यादव, साथै पूर्व मुख्यमन्त्री गट्टीलगायत। तस्वीरःराधेश्याम पटेल

सोमवार बिहान ११ बजेदेखि बारा २ को मतगणना शुरू भएको थियो। करीब ३६ घण्टामा कुशवाहा एकपटक मात्रै जसपा अध्यक्ष यादवलाई पछि पार्दै अग्रता लिएका थिए। बाँकी समयको गणनामा यादलकै अग्रता रहँदै आएको छ। यादवको मतान्तरलाई कुशवाहाले कम गर्दै गइरहेका छन्।

कलैयास्थित गङ्गापुरको शैक्षिक तालीम केन्द्रमा भइरहेको मतगणनामा राति १० बजेसम्म यादव कुशवाहाभन्दा दुई हजार ७४३ मतान्तरले अगाडि छन्। सो बखतसम्म यादवले २२ हजार ८९५ मत ल्याएका थिए भने कुशवाहाले २० हजार १५२ मतले पछ्याउँदै थिए।

त्यसैगरी, तेस्रोमा एमालेका पुरुषोत्तम पौडेलले छ हजार ७१५, चौथोमा रास्वपाका रमेश खरेल दुई हजार ६८९ मतले चौथो र आम जनता पार्टीका अरुण ज्ञवाली दुई हजार ६२३ मतले पाँचौं स्थानमा छन्।

**कुशवाहाको गढमा प्रवेश भएपछि घट्यो मतान्तर**

बारा २ का छवटा पालिकाका ४४ वटा वडा पर्छन्। जसमा करैयामाई गापाका आठ, देवताल गापाका सात, सुवर्ण गापाका आठ, पचरौता नपाका नौ, महागढीमाईका ११ र कोल्हवी नपाको एकमात्र ८ नम्बर वडा गरी ४४ वटा वडा पर्छन्।

मतदानको दिन कुल ६९ हजार १०७ मत खसेको थियो। यो समाचार तयार पार्दासम्म ५६ हजार ३२८ मत गणना भइसकेको छ। १२ हजार ७७९ मत गणना गर्न बाँकी छ। कुल गणना भएको ५६ हजार ३२८ मतमा ५५ हजार ०७४ मत सदर र १२५४ मत बदर भएका छन्।

मतान्तर घट्नुमा जनमत पार्टीका उम्मेदवार कुशवाहाको गृहनगर महागढीमाई नपाले सहयोग गरेको छ। उक्त पालिकाका ११ वटा वडामा ३१ हजार ८५५ मत खसेको छ। ११ वटा वडा रहेको महागढीमाईमा हालसम्म १, ७, ८, ९, १०, ११ गरी छवटा वडाको मतगणना भइसकेको छ भने बाँकी २ देखि ६ नम्बर वडासम्म मत गणना हुन बाँकी छ।

त्यसैगरी, पचरौता नगरपालिकाका सबै वडाको मत गणना गर्न बाँकी छ। महागढीमाईमैं गणना हुन थालेपछि जनमतको हर्नको रफ्तार बढेको हो भने छाताको मत कम निस्किंदा

(बाँकी अन्तिम पातामा)

## ग्याबियन स्परको काम समयमा सम्पन्न गर्न निर्देशन

प्रस, रौतहट, १२ वैशाख/

भौतिक पूर्वाधार सिंचाइ विकास मन्त्रालयको आर्थिक सहयोगमा जलस्रोत तथा सिंचाइ विकास डिभिजन, गौरको सहयोगमा निर्माण भइरहेको ग्याबियन स्पर निर्माण कार्य एक साताभित्र सम्पन्न गर्न जलस्रोत तथा सिंचाइ विकास डिभिजन, गौरका प्रमुख सुमनकुमार झाले निर्देशन दिएका छन्।



निर्माण कार्यको निरीक्षण गर्दै पदाधिकारी। तस्वीरः प्रतीक

गौर नगरपालिका–६ सबगढाका लालबकैया नदीको ग्याबियन स्पर निर्माण कार्यको मङ्गलवार स्थलगत निरीक्षण गर्दै जलस्रोत तथा सिंचाइ विकास डिभिजन, गौरका प्रमुख झाले उपभोक्ता समितिलाई सो निर्देशन दिएका हुन्। उनले कमीकमजोरी सुधार गर्न र एक साताभित्र कार्य सम्पन्न गर्न निर्देशन दिएका थिए।

गत वर्षको बाढीले लालबकैयाको तटबन्ध सबगढानजीक भत्केकोले निर्माण कार्य सम्पन्न नहुँदा थप क्षति हुने सम्भावना रहेकोले सो क्षति रोकथामका लागि ग्याबियन स्पर निर्माण भइरहेकोमा स्थानीयले खुशी व्यक्त गरेका छन्। वर्षाअगाडि निर्माण कार्य शुरू गरेर वर्षा अगाडि नै कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोले यस वर्ष बाढीले बढी क्षति पार्न नसक्ने स्थानीयको विश्वास छ।

भौतिक पूर्वाधार सिंचाइ विकास मन्त्रालयबाट रु ४८ लाख १५ हजार ७८६ र जनश्रमदान रु दुई लाख ४४ हजार ४५३ गरी कुल रु ५० लाख ६० हजार २३९ लागतमा ग्याबियन स्परको निर्माण कार्य २०७९ माघ २२ गते शुरू भएको र २०८० वैशाख १५ गतेभित्रमा निर्माण कार्य सम्पन्न गर्ने सम्झौता रहेको छ।

## युवाहरूद्वारा नगरप्रमुखको ध्यानाकर्षण

दिनेश मिश्र, वीरगंज, १२ वैशाख/

वीरगंज महानगर–१९ स्थित ऐलानी, गुठी, मठ, मन्दिरको नाममा रहेका जग्गाहरू छुट्याउन युवा सेवा समितिले महानगरको ध्यानाकर्षण गराएको छ।

नगरप्रमुखको अनुपस्थितिमा आज सचिवालयमा ध्यानाकर्षणपत्र बुझाएको युवा सेवा समितिका अध्यक्ष नीरज यादवले बताए।

समितिले विन्ध्यवासिनी मन्दिरको बेथितिका बारेमा पनि ध्यानाकर्षण गराएको उनले बताए।

मन्दिरको नाममा जग्गाहरू रहेका र सोको आम्दानीबाट मन्दिरको व्यवस्थापन हुन सक्ने भन्दै मन्दिरको सरसफाइ, पार्किङको अवस्था नाजुक रहेको, धर्मशालाको आम्दानीको हरहिसाब नभएको, जथाभावी जसले पनि उठाउँदै आएको, मन्दिर परिसरमा जथाभावी गुम्टी, पसल राखेर मन्दिरको सौन्दर्यता गुमेको भन्दै सोको सुधारका लागि पहल गर्न आग्रह गरिएको छ।



ध्यानाकर्षण गराउँदै समितिका सदस्यलगायत। तस्वीरः प्रतीक

समितिले यसबारेमा वडाध्यक्षको ध्यानाकर्षण गराउँदा बेवास्ता गरेको आरोप लगाइएको छ।

यसैगरी, महानगरको पहलमा यसअघि तिलावे नदीछेउ ऐलानी जग्गामा उद्योगहरूले पुनः फोहर फ्याँक्दै आएको समितिको आरोप छ। रातिपख फोहर फ्याँक्ने काम भइरहेको समितिका अध्यक्ष यादवले बताए।

## कलशयात्रा सम्पन्न, लक्ष्मीनारायण महायज्ञ शुरू

प्रस, सिम्रौनगढ, १२ वैशाख/

सिम्रौनगढ नगरपालिका–४ गङ्गानगरमा आयोजित लक्ष्मीनारायण



तस्वीरः प्रतीक

महायज्ञको लागि मङ्गलवार कलश शोभायात्रा निकालिएको छ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले लक्ष्मीनारायण महायज्ञको उद्घाटन गरेपछि यज्ञस्थल गङ्गानगरबाट कलश शोभायात्रा शुरू भएको थियो। बाजागाजा, हात्ती, घोडासहित निकालिएको कलशयात्रा गङ्गानगर, हरिहरपुर, सिम्रौनगढ, जानकीनगर, अमृतगंज भएर रानीवास बजार पुगेका भक्तजनहरूलाई वडाध्यक्ष विवेक मेहताले स्वागत गरेका थिए। उनको आयोजनामा भक्तजनहरूलाई फलहार गराइएको थियो। पछि कलशयात्रा नयकाटोला, रामनगर भएर त्रिवेणी नदीमा जल भरेर यज्ञस्थलमा पुगेको थियो। आजदेखि विधिवत् पूजा गरेर यज्ञ आरम्भ भएको आयोजक समितिले जनाएको छ। कार्यक्रममा नगरप्रमुख किशोरीप्रसाद कलवार, समाजसेवी राजेश यादव, सनातन धर्म रक्षा मञ्चका अध्यक्ष ओमप्रकाश ठाकुर, परमानन्द मुखिया, सुभाष कुशवाहालगायतको सहभागिता थियो।

## अपहरणकाण्डमा दुईजना पक्राउ

प्रस, रौतहट, १२ वैशाख/

जिल्ला प्रहरी कार्यालय, रौतहटले अपहरणकाण्डमा संलग्न दुईजनालाई पक्राउ गरेको छ।

वैशाख १० गते बिहान ५ गते सर्लाहीको बलरा नगरपालिका–३, सीमाबाट रौतहट जिल्ला माधवनारायण नगरपालिका–६ माधवपुर बस्ने २३ वर्षीय मन्त्रीबाबू राय र राजदेवी नगरपालिका मोहनपुर बस्ने २१ वर्षीय राजाबाबू पटेललाई पक्राउ गरिएको जिप्रका, रौतहटले जनाएको छ।

दुईजनासहित ८/९ जनाको टोलीले वैशाख ९ गते सर्लाहीको बलराबाट रौतहटको परोहा नपा–३ तेजापाकर निवासी ३० वर्षीय हीरामन महतोको अपहरण गरेको थियो।

माधवनारायण नपाका मन्त्रीबाबूको योजनामा महतोलाई बलरा बोलाइएको र त्यहाँबाट अपहरण गरिएको प्रहरीले



तस्वीर सौजन्यः जिप्रका, रौतहट

दाबी गरेको छ। सूचनाको आधारमा प्रहरीले घटनाको भोलिपल्ट सर्लाहीको बलराबाट दुईजनालाई पक्राउ गरेको र बाँकी भाग्न सफल भएको जिप्रका, रौतहटका प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरले बताए।

पक्राउ परेकाविरुद्ध अपहरण, शरीर बन्धक तथा ज्यान मार्ने अभियोगमा मुद्दा चलाइएको उनले जानकारी गराएका छन्।

### विचारसार र सूक्तिहरू

**हीरा जाँच्ने मानिसभन्दा पीडा चिन्ने मानिस बढी महत्त्वपूर्ण हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अब त चेत खुल्नुपर्छ

**जल, जमीन, जङ्गल र जडीबुटी नेपालका मौलिक चिनारी हुन् । उक्त चार क्षेत्रमध्ये अन्य तीन क्षेत्रसँग चौथो पक्ष जडीबुटीको नङ–मासुझैं सम्बन्ध छ । देशको कुल भूभागको ४० दशमलव चार प्रतिशत वन र चार दशमलव चार प्रतिशत झाडी तथा बुटयान क्षेत्र गरी कुल क्षेत्रको ४४ दशमलव सात प्रतिशत क्षेत्र वनले ओगटेको छ । जडीबुटी उत्पादनका लागि वन क्षेत्र वरदान हो । त्यसैगरी, आबादी क्षेत्रहरूमा जहाँ जल सिंचाइको व्यवस्था छ, त्यहाँ चाहेजस्तो जडीबुटी खेती गर्न सकिन्छ । हिमाली, पहाडी क्षेत्र प्राकृतिकरूपमा नै बहुमूल्य जडीबुटीको भण्डार हो । नेपाल प्राकृतिक विविधताले भरिपूर्ण देश भएकोले पनि संसारका प्रायः सबै किसिमका जडीबुडी यहाँ हुर्कन सक्छन् । विविधतायुक्त भूबनोट, हावापानी र जैविक विविधताका दृष्टिकोणले हामी धनी छौं । यहाँ करीब दुई हजार तीन सयभन्दा बढी प्रजातिका जडीबुटी तथा सुगन्धित तेलयुक्त वनस्पतिहरू भएको अध्ययनले देखाएको छ । सोमध्ये करीब ८१९ प्रजातिका वनस्पतिहरू जडीबुटीका रूपमा प्रयोग गर्न सकिन्छ, सोमध्ये हालसम्म करीब १६५ प्रजातिका जडीबुटी मात्रै व्यापारिक प्रयोजनमा आएका छन् । जडीबुटीको माग विश्वव्यापीरूपमा बढ्दो छ ।**

**जडीबुटीको व्यावसायिक उत्पादनतर्फ केही प्रयासहरू नभएका होइनन् । सङ्घ, प्रदेश र स्थानीय सरकारले पनि जडीबुटी खेती तथा जडीबुटीबारे सचेतना सम्बन्धमा योजनाहरू सञ्चालन गरिरहेका छन् । तर त्यो लक्ष्यमा पुग्ने नभई औपचारिकतामा मात्रै सीमित देखिएको छ । विश्वकै सर्वोच्च शिखर सगरमाथाको नामले चिनिएको कारण पनि हाम्रो मुलुकको जडीबुटीलाई विश्व बजारमा अति महत्त्वका साथ लिने गरिएको छ । मुलुकमा उत्पादित जडीबुटीको मुख्य बजार छिमेकी मुलुक भारत र चीन हो । हाम्रा सामुदायिक वनमा उत्पादित जडीबुटी केही वर्ष पहिलेसम्म युरोपेली मुलुकमा समेत निर्यात हुन्थ्यो । तर अहिले करीब ४० करोड बराबरको झन्डै एक हजार टन जडीबुटी छिमकी मुलुक भारत निर्यात हुन सकेको छैन । भारतीय प्लान्ट क्वारेन्टाइनमा सूचीकृत नभएको भन्दै लामो समयदेखि भारतले व्यवधान खडा गरेको छ ।**

**अर्कोतर्फ जडीबुटीको धनी मुलुक भएर पनि हामी आफैं जडीबुटीमा आत्मनिर्भर बन्न सकेका छैनौं । नेपालमा बर्सेनि ११ अर्ब रुपैयाँभन्दा बढीको जडीबुटी आयात हुन्छ । यहाँबाट भने करीब डेढ अर्ब रुपैयाँको जडीबुटी निर्यात हुने गरेको छ । हिमाली भेगमा हुने जडीबुटी मात्रै निर्यात भइरहेका छन् । उष्ण हावापानीमा उत्पादन हुने प्रजातिका जडीबुटी सबै आयात गरिरहेका छौं । यसबाट दुईवटा तथ्य प्रस्ट हुन्छ, पहिलो, अन्य मुलुकले उनीहरूसँग कम रहेको दुर्लभ हिमाली जडीबुटी मात्रै हामीबाट लिइरहेका छन् । उष्ण प्रदेशमा हुन सक्ने प्रजाति उनीहरू आफैं उत्पादन गरी हाम्रो उत्पादनलाई निरुत्साहित गरिरहेका छन् । दोस्रो, हामी परनिर्भतामा डुब्यौं । आफ्नो उत्पादन विदेश गए मात्रै सफल ठान्ने, अन्यथा आफूले उत्पादन गर्न सक्ने जडीबुटीसमेत विदेशबाट आयात गरेर खाने । यो निकम्मापनको पराकाष्ठा हो । हाम्रो उत्पादन हाम्रै मुलुकमा प्रशोधन गरेर हाम्रै बजारमा लाने हो भने पनि मुलुकलाई ११ अर्बभन्दा बढी वार्षिक व्यापार घाटा न्यून हुन्छ । त्यसले दिने स्वरोजगार र स्वस्थ जीवनको फाइदा अलग्गै छ । यसको लागि सरकार र नागरिक दुवै पक्षको चेत खुल्नुपर्छ ।**

# उपनिर्वाचन र राष्ट्रिय राजनीति

स्वतन्त्र विचार



विनोद गुप्ता

**यसबाट स्पष्ट के देखिन्छ भने जहाँ पहाडका नागरिक चेतनशील एवं परिवर्तनमुखी भएका छन् भने, हामी मधेसका नागरिक अझै जडसूत्रवादी सोचबाट ग्रसित छौं । होइन भने किन मधेसबाट कुनै वाग्ले परिवर्तनको संवाहक भएर चुनावमा भाग लिन सकेन ।**

मधेसवादी दल भनेर चिनिने जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टी गरी तीनवटै दल १० वा अब भनौं ११ दलीय गठबन्धनको हिस्साको रूपमा रहेका छन् । राष्ट्रपतिको निर्वाचनसम्म १० दलको रूपमा एकबद्ध भई यिनले नेपाली काङ्ग्रेसको तर्फबाट राष्ट्रपति पदका उम्मेदवार रामचन्द्र पौडेलको पक्षमा मतदान गरे । तर त्यहाँबाट उपराष्ट्रपतिको निर्वाचनसम्म आइपुग्दा जनमत र लोसपाले गठबन्धनभित्र मिनी गठबन्धन बनाउँदै जसपातर्फबाट उपराष्ट्रपति पदका लागि प्रस्तावित एवं १० दलीय गठबन्धनमध्ये आठ दलको समर्थनप्राप्त उम्मेदवार रामसहाय यादवविरुद्ध उम्मेदवारी दिन पुगे । उपराष्ट्रपतिको निर्वाचनमा जसपाका उम्मेदवारको जीत त भयो तर यसमा देखा परेको चिराले ११ दलीय गठबन्धनको एकता र मधेसको भविष्य दुवैमाथि लामो समयसम्म प्रभाव पारिरहने देखिन्छ ।

वैशाख १० गते सम्पन्न भएको उपनिर्वाचन जसमा उपराष्ट्रपतिको पदमा रामसहाय यादव निर्वाचित भएका कारणबाट रिक्त हुन आएको बाराको निर्वाचन क्षेत्र नं २ मा पनि उपनिर्वाचन भयो । यस क्षेत्रबाट जसपाका अध्यक्ष उपेन्द्र यादव चुनाव लड्ने भएपछि जनमतले पनि आफ्नै उम्मेदवार उठाउने निश्चित जस्तै थियो । जनमतबाट शिवचन्द्र कुशवाहा, एमालेबाट पुरुषोत्तम पौडेलबीच भएको प्रतिस्पर्धामा हालसम्म उपेन्द्र यादव अगाडि देखिएका छन् । उता तनहुँ र चितवनमा भने स्वर्णिम वाग्ले र रवि लामिछाने विजयी भएका छन् । चितवनबाट रवि लामिछानेको जीत स्वाभाविक मानिए पनि तनहुँबाट डा वाग्लेको जीतले भने बेग्लै सन्देश दिएको छ र यसलाई नेकाका सभापतिले पुरानो दलले आफ्नो बाटो सच्याउनुपर्ने अवस्था आएको भन्ने भनाइबाट बुझ्न सकिन्छ ।

अहिले संसद्मा जसपाका १२, लोसपाका चार, जनमतका छ र नागरिक उन्मुक्ति पार्टीका चार सिट रहेका छन् । यो निर्वाचन परिणामले अब मधेसको लडाइँ उपेन्द्र यादव भर्सेस डा सिके राउतको गोलचक्करमा फस्ने निश्चित प्रायः भएको देखिन्छ । वर्तमान सिट सङ्ख्याको हिसाबले जसपा नै संसद्मा बलियो हुने देखिएर नै आफूलाई पनि शक्ति सन्तुलनमा ल्याउन लोसपा, जनमत र नागरिक उन्मुक्तिले गठबन्धनभित्र नै उपगठबन्धन बनाउँदै आफूलाई जसपा जत्तिकै बलियो देखाएर राजनीति गर्न खोजेको देखिन्छ । यी तीनवटै दलले घोषितरूपमा रेशम चौधरीको रिहाइ, नागरिकता विधेयक तथा मधेस आन्दोलनका पूरा हुन बाँकी मागहरूको लागि बलियो आवाज उठाउन यो कदम चालिएको भनाइ राख्दै आएको सर्वविदित नै छ । तर अब प्रश्न के छ भने त्यसो हो भने के जनमत पार्टी यसको विरोधमा छ ? यसबारे तीन दलीय उपगठबन्धन र जनमत पार्टी गरी दुवैबाट कुनै पनि धारणा सार्वजनिक नभएकाले मधेसको राजनीति र उन्नति दुवै उपेन्द्र भर्सेस सिके राउतको गोलचक्करमा फस्न पुगेको भन्न खोजिएको हो । आजको अवस्था अथवा भनौं जम्माजम्मी २६ सिटको यात्राको शुभारम्भ मधेसवादी दलहरूले सन् २००८ मा ८७ सिट जितेर गरेका थिए, जुन सन् २०१३ मा १२ सिटमा सीमित हुन पुगेको थियो । सन् २०१७ मा फेरि एकबद्ध भएर लड्दा ३४ सिट जितेका मधेसवादी दलहरू अहिले भने उन्मुक्तिसमेत २६ मा सीमित छन् । सामान्य गणितीय हिसाबले अहिले १:३ को अनुपातमा छ अर्थात् एक्लो जसपालाई टक्कर दिन वा भनौं उठीबास लगाउन लोसपा, जनमत र उन्मुक्ति गरी तीन दल एकबद्ध भएका छन् । यसबाट स्पष्ट के छ भने उनीहरू संसद्मा उपेन्द्र यादवको प्रवेश रोक्न चाहन्छन् किनभने सङ्ख्याको आधारमा उनी मधेसमा हाबी हुनेछन् ।

१० दलीय गठबन्धनमा सहभागी हुँदाहुँदै पनि प्रचण्ड, नेपाल र उपेन्द्र यादवहरूले आफ्नो दललाई मिलाएर बृहत् समाजवादी मोर्चा बनाउने र अन्य कम्युनिस्ट पार्टीको लागि समेत खुला रहने सङ्केत गरेका छन् । सतहीरूपमा यो सामान्य देखिए पनि यसभित्र ठूलो रणनीति लुकेको छ । त्यसमध्येको पहिलो चाहना एमालेलाई चुनौती दिनु हो भने दोस्रो पृष्ठभूमि अलि लामो छ । मधेस आन्दोलनपछि २०६५ मा सम्पन्न मधेसी जनअधिकार फोरमको महाधिवेशनमा चीनको एशिया तथा एशिया–प्रशान्त क्षेत्रका प्रमुख आई पिङको सहभागिताबाट यो यात्रा शुरू भएको मानिन्छ । यसपछाडि मधेसमा सडक निर्माण, गाईपालन एवं चिनियाँ लगानीमा बारामा मासु प्रशोधन उद्योगको स्थापनाको पृष्ठभूमिमा चिनियाँ प्राध्यापक वाङ हुई वेङको 'नेपालको तराईमा अन्तर्राष्ट्रिय शक्ति केन्द्रको बढ्दो चलखेललाई चीनले चुपचाप बसेर हेर्न नसक्ने' भनाइ आएको थियो । यस पृष्ठभूमिमा समाजवादी मोर्चा बनाएर प्रचण्ड, नेपाल र उपेन्द्रले चीनसँग सामीप्यता बढाउन खोजेका हुन् । यसमा बारा उपनिर्वाचनमा उनको जीत र हारले ठूलो प्रभाव पार्नेछ । वर्तमान प्रधानमन्त्री भने पहिला भारत भ्रमणमा गएका बेला भारतलाई आश्वस्त पार्ने र नसक्ने अवस्था भएमा मात्र समाजवादी मोर्चामार्फत कम्युनिस्ट एकीकरणको प्रयासमा लाग्ने मनस्थितिमा रहेको बुझिन्छ । तनहुँको निर्वाचन परिणामलाई काङ्ग्रेसको समग्र दलले कुन रूपमा लियो भन्ने कुरा अस्तिको बैठकबाटै प्रस्ट भएको छ । पूर्वप्रम शेरबहादुर देउवा आफ्नो भनाइ राखेर बैठकबाट बाहिरिएपछि मात्र संस्थापन इतरले यसमा देउवा नै दोषी भनेर कानेखुशी गर्नेसम्मको हिम्मत जुटाउन सकेको थियो । यसबाट '... १२ वर्षसम्म ढुङ्ग्रोमा राख्दा पनि केही फाइदा नहुने' उक्ति चरितार्थ हुन्छ भने मधेस अर्थात् बाराको उपनिर्वाचनमा जसपा, जनमत र एमालेबाट समेत नयाँ सोच भएका व्यक्तित्व कोही नभएकाले जनताले बाध्यतावश पुरानैबाट रोज्नुपर्ने अवस्था छ । यसबाट स्पष्ट के देखिन्छ भने जहाँ पहाडका नागरिक चेतनशील एवं परिवर्तनमुखी भएका छन् भने, हामी मधेसका नागरिक अझै जडसूत्रवादी सोचबाट ग्रसित छौं । होइन भने किन मधेसबाट कुनै वाग्ले परिवर्तनको संवाहक भएर चुनावमा भाग लिन सकेन ।

# फ्लाई दुबईको जहाजमा देखिएको समस्या के हो ?

काठमाडौं, १२ वैशाख/रासस

सोमवार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दुबईका लागि उडान भरेको फ्लाई दुबईको जहाजको इन्जिनमा खराबी देखियो । विमानस्थलबाट उडान भरेलगत्तै एफजेट ५७६ उडान नम्बरको 'बोइङ ७३७–८००' जहाजको इन्जिनमा ठूलो आवाजसहित आगोको मुस्लो देखियो ।

विमानचालक (पाइलट)ले जहाजलाई धादिङको धार्केमाथिको आकाशमा करीब २१ हजार फिट उचाइमा झन्डै ११ मिनेट जहाज आकाशमा 'होल्ड' (फन्को लगाएर) गरेर जहाजको इन्जिनको 'कन्डिशन' जाँच गरे । जहाजको सिङ्गल इन्जिन खराब भएपछि आकाशमा होल्ड गरेर जाँच गरिएको थियो । त्यतिन्जेलसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थमा आकस्मिक अवतरणका लागि सबै संयन्त्र तैनाथ भइसकेका थिए ।

फ्लाई दुबईको जहाज कोटेश्वरको आकाशमा विस्फोटको आवाजसँगै इन्जिनमा आगो देखिएपछि उक्त जहाजका पाइलटले काठमाडौं विमानस्थलको टावरलाई जहाजको बायाँ इन्जिनमा आगलागी भएको जानकारी दिएका थिए । उक्त जहाजका सबै इन्डिकेटरको चेक गरेपछि पाइलटले थप समस्या नदेखिएकाले उडानलाई निरन्तरता दिने निर्णय लिएका थिए ।

विमानस्थलको टावरका एटिसीले पनि उक्त जहाजलाई गन्तव्यतर्फ उड्न अनुमति दिएका थिए । जहाजले सामान्यरूपमा उडान भरेर दुबईको 'दुबई इन्टरनेशनल एयरपोर्ट'मा सकुशल अवतरण गऱ्यो । फ्लाई दुबई र त्यहाँको नियामक निकायले जहाज अवतरण गरेको सन्देश दिए । नेपाली समय अनुसार राति २ बजे (स्थानीय समय अनुसार १२ बजेर ११ मिनेटमा) उक्त जहाजले दुबईमा सफल अवतरण गरेको थियो । उक्त जहाजमा १६८ यात्रु सवार थिए ।

यसरी जहाजमा विमानस्थलबाट उड्नेबित्तिकै ठूलो आगोको मुस्लो निस्किएको विषय अझै जनमानसमा कौतुहलताको विषय बनिरहेको छ ।



तस्वीर: फाइल

फ्लाई दुबईको जहाजमा के भएको हो भन्ने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा विभिन्न अनुमान सार्वजनिक भएका छन् ।

जहाजमा चरा ठोक्किएर विष्फोट भएको भन्ने हल्ला फैलिएको छ । यसबारे नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले बाहिर आएको हल्लाजस्तो जहाजमा चरा ठोक्किएको पुष्टि नभएको जनाएका छन् । तथापि, दुबईको 'गभरमेन्ट अफ फ्लाई दुबई मिडिया अफिस'ले भने सामाजिक सञ्जालमा पोस्ट गर्दै उक्त जहाजमा चरा ठोक्किएर विष्फोट भएको दाबी गरेको छ ।

यसै सन्दर्भमा लामो समय जहाजको मर्मतसम्बन्धी अनुभव रहेका जहाज मर्मतसम्बन्धी इन्जिनीयर एमके श्रेष्ठले सोमवार फ्लाई दुबईको जहाजमा देखिएको प्राविधिक समस्या सामान्य रहेको र यस किसिमको घटना विगतमा पनि हुने गरेको बताए ।

उनले भने, "फ्लाई दुबईको जहाजमा भएकोजस्तो घटना सामान्य हो, यसमा आत्तिनुपर्दैन, यस्ता प्रकृतिका घटना विगतमा पनि हुने गरेका थिए । विगतमा एकदेखि दुईपटकसम्म मात्र ठूलो आवाज सुनिन्थ्यो । तर यसपटक भने चारपटकसम्म ठूलो आवाजसहित आगोको मुस्लो बाहिर आउने घटना भने गम्भीर सङ्केत हो । अनुसन्धान नगरी थप बोल्न मिल्दैन ।"

नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)का एक वरिष्ठ पाइलटका अनुसार कुनै पनि जहाजमा प्राविधिक समस्या देखिएपछि 'स्टयान्डर्ड अपरेटिङ प्रोसिडर' हुन्छ । त्यसअनुरूप 'चेकलिस्ट फलो' गरिन्छ त्यसपछि सबै चिज नर्मल भएपछि मात्रै अपरेटिङ गरिन्छ ।

"जहाजको इन्जिनको बाहिरबाट हेर्दा आगो देखिन्छ । यदि चरा छिरेको रहेछ भने पनि त्यो आगो भएर बाहिर निस्कन्छ । कपपिटभित्रका पाइलटले सबै उपकरण जाँच गरेर ठीक छ भनेपछि मात्रै जहाज उडाउने निर्णय लिन्छन्," उनले भने, "जहाजको इन्जिनलगायत कुनै पनि समस्या आएमा 'फ्लाइट सेफ्टी स्टयान्डर्स' अनुरूप 'चेकलिस्ट फलो' गरिन्छ, त्यसपछि 'एसओपी' हुन्छ । रिस्कको प्यारामिटर जाँच गरेपछि पाइलटले निर्णय लिन्छन् ।"

निगमका ती वरिष्ठ पाइलटको भनाइमा जहाजको इन्जिनबाट आवाजसहित आगो निस्कने दुई अवस्थामा हुन्छ, पहिलो चरा वा कुनै पनि सामान इन्जिनभित्र पसेर हुन्छ भने अर्को जहाजको इन्जिनको कम्प्रेसर स्टल भएर वा इन्जिनमै प्राविधिक समस्या भएर आगो निस्कन्छ ।

इन्जिनीयर श्रेष्ठ भने इन्जिनमा हावाको कमी हुँदा अर्थात् 'कम्प्रेसर स्टल' भएमा पनि ठूलो आवाजसहित आगोको मुस्लो बाहिर आएको हुन सक्ने उल्लेख गरे ।

उनका अनुसार जहाजको इन्जिनको मुखमा चरा पसेको वा हावामा उडिरहेको कागजको टुक्रा परेमा पनि विष्फोट गराउन सक्छ । "सानो कागज मात्रै पनि इन्जिनमा परेमा पड्किन्छ । कम्प्रेसरमा हावा आवश्यकता अनुसार नहुँदा कहिलेकाहीं यस्तो आवाजसहित आगो निस्कन्छ," श्रेष्ठले भने । जहाज उड्नेबित्तिकै ठूलो आवाजसहित आगोको मुस्लो निस्किएको समयमा जहाज थर्थराउँछ र पूरै हल्लिन्छ । यस्तो अवस्थामा इन्जिनको पछाडिबाट आगोको ज्वाला निस्कने उनको भनाइ छ ।

हावा र इन्धनको 'रेसियो' नमिलेकाले विष्फोटको आवाज आएको विज्ञहरूको अनुमान छ । विज्ञका अनुसार जहाजको इन्जिन चालू हुँदा आगो

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# रास्वपाका सभापति लामिछाने फराकिलो मतान्तरले विजयी

चितवन, १२ वैशाख/रासस

चितवन क्षेत्र नं २ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने फराकिलो मतान्तरले विजयी भएका छन्। उनी निकटतम प्रतिस्पर्धीभन्दा ४२ हजार नौ सय ६२ बढी मत ल्याएर विजयी भएका हुन्।

विजयी लामिछानेले ५४,१७६ मत ल्याए। उनका निकटतम प्रतिस्पर्धी नेपाली काङ्ग्रेसका जीतनारायण श्रेष्ठले ११,२१४ मत प्राप्त गरे। यस्तै नेकपा (एमाले) का रामप्रसाद न्यौपानेले १०,९३६ मत प्राप्त र राप्रपाका जीवलाल पुरीले ३७५ मत प्राप्त गरे।

चितवन क्षेत्र नं २ मा ७८,६६४ मत खसेको थियो। जसमध्ये १,१९८ बदर भई ७७,४६६ सदर भएको थियो। सो क्षेत्रमा ४३ स्थलका १३८ केन्द्रमा मतदान गरिएको हो। यस क्षेत्रमा १,२४,६९५ मतदाता रहेका थिए।

तीमध्ये ६३,२९१ महिला, ६१,४०३ पुरुष र एकजना तेस्रो लिङ्गी रहेका थिए। गत मङ्सिरमा सम्पन्न निर्वाचनमा समेत विजयी लामिछानेले ४९,२६४ मत प्राप्त गरेका थिए। नेपाली काङ्ग्रेसका उमेश श्रेष्ठले १४,९८३ एमालेका कृष्णभक्त पोखरेलले १४,६४७ र राप्रपाका रवीन अधिकारीले ९५५ मत प्राप्त गरेका थिए।

गत वर्ष मङ्सिरमा सम्पन्न निर्वाचनमा ८४,७५३ मत खसेको थियो। त्यसमध्ये ८३,९५६ सदर मत थियो। त्यस बेला १,२४,२१५ मतदाता रहेका थिए। मङ्सिरमा १० दल र छ स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा थिए भने यस पाली १२ दल र १० स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा थिए।

चितवन क्षेत्र नं २ मा कालिका नगरपालिका, इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिकाका १० वडा पर्छन्।

## सिङ्गो देश परिवर्तनको पक्षमा

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सिङ्गो देश परिवर्तनको पक्षमा देखिएको बताएका छन्। चितवन क्षेत्र नं २ को उपनिर्वाचनमा फराकिलो



मतान्तरले विजयी बनेका लामिछानेले धन्यवादसभामा जनताले दिएको मत परिवर्तनको बिगुल भएको बताए। जनता अन्यायमा परे, भ्रष्टाचार बढ्यो भन्दा नसुनेपछि आफू चुनावी मैदानमा आउनुपरेको भन्दै उनले जनताको मतको कदर गर्दै अन्यायमा पर्न नदिने बताए।

सामान्य त्रुटिका कारण पाँच वर्षका लागि पाँच महीनाअघि निर्वाचित भएर गए पनि पुनः मत माग्न आउनुपरेको भन्दै उनले जनताको अदालत सबैभन्दा ठूलो अदालत भएको बताए। विकास निर्माणमा आफूले कसैलाई काखा र कसैलाई पाखा नगर्ने बताउँदै संसद्मा रहँदा देशको सुशासन, गरीबी, अशिक्षा, भ्रष्टाचार अन्त्यका लागि काम गर्ने बताए।

सुरुआतीको वर्ष विकासका योजना निर्माणमा लाग्ने र अन्य वर्षमा देखिने गरी विकासका कार्यक्रम सञ्चालन गर्ने उनको भनाइ थियो। उनले प्रतिस्पर्धी उम्मेदवार र उनका मतदातालाई समेत आभार व्यक्त गरे। उनले भने, "निर्वाचनको समयमा केही कमीकमजोरी भए क्षमा चाहन्छु। नयाँ दल भएकोले राजनीतिक अभ्यास सिक्दै गरेका छौं। गलती भए माफ गर्नुहोला।" नेपाली जनताले स्वर्णिम युगको खोजी गरिरहेको सङ्केत उपनिर्वाचनबाट दिएको उनको भनाइ थियो।

# १५ दिनभित्र अनावश्यक तार हटाउन कामनपाको निर्देशन

काठमाडौं, १२ वैशाख/रासस



तस्वीरः फाइल

काठमाडौं महानगरपालिकाले सडकमा अव्यवस्थित तार हटाउन सम्बन्धित कार्यालय तथा सङ्घसंस्थालाई १५ दिनको समय दिएको छ।

आज महानगरपालिकाले एक सूचना प्रकाशित गरी नगरको सुन्दरतामा कमी आएको, सार्वजनिक आवागमनमा असर परेको र आगलागीलगायतको जोखिम सिर्जना हुन सक्ने भन्दै अनावश्यक तार हटाउन निर्देशन दिएको हो।

महानगरले बिजुली, टेलिफोन, इन्टरनेट तथा केबल सेवा प्रदायक निकाय तथा सङ्घसंस्थाले पोलमा गुजुल्टो बनाएर राखेका, चुँडिएर तथा लत्रिएर सडकमा छरिएका तार आफैं हटाउन र आवश्यक तारमा सङ्केत चिह्न लगाउन निर्देशन दिएको छ।

महानगरले उक्त अवधिमा तार नहटाए महानगर आफैंले हटाउने बताएको छ।

अव्यवस्थित तारबाट सिर्जना हुन सक्ने जोखिम घटाउने विषयप्रति महानगरपालिकाले विभिन्न समयमा सरोकारवाला निकाय तथा अधिकारीसँग बैठक बसेर व्यवस्थापनका लागि अनुरोध गरिसकेको जनाएको छ। तर निर्णय कार्यान्वयनका लागि पटक–पटक पत्र पठाएर ताकेता गर्दा पनि काम नभएको महानगरपालिकाको भनाइ छ।

# जगरनाथपुर गापामा पहिलोचोटि विष्णु महायज्ञ शुरू

प्रस, पोखरिया, १२ वैशाख/


तस्वीरः प्रतीक

जगरनाथपुर गाउँपालिका–२ जानकीटोलामा पहिलोपटक सहस्र विष्णु महायज्ञ शुरू भएको छ। जानकीटोलावासीको आयोजनामा मङ्गलवारदेखि शुरू भएको ११ दिने महायज्ञको उद्घाटन गापा अध्यक्ष श्रीकान्तप्रसाद यादवले गरेका थिए।

उनले यज्ञबाट ज्ञान प्राप्त हुनुका साथै सनातन धर्मको रक्षा र प्रचार हुने बताए। उनले यज्ञ शान्तिको प्रतीक भएकोले आयोजना गर्दा आसपासका क्षेत्रको व्यापार–व्यवसायसमेत वृद्धि हुने जिकिर गरे।

महायज्ञको पहिलो दिन आज कलशयात्रा निकालिएको यज्ञ आयोजक समितिका अध्यक्ष कृष्णमोहन यादवले बताए। कलशयात्रामा गापा उपाध्यक्ष बबिता सिंह क्षेत्री, प्रमुख प्रशासकीय अधिकृत कृष्णानन्दन राय, वडाध्यक्ष नेपाली कुशवाहा, लक्ष्मीसाह तेली, रामअयोध्या पटेल, सदस्यहरू लक्ष्मण राम चमार, लक्ष्मण बैठालगायत स्थानीयको सहभागिता थियो।

महायज्ञमा भोलि बुधवारदेखि विभिन्न विद्वान्द्वारा प्रवचन दिइने र साँझ सांस्कृतिक कार्यक्रम रामलीला प्रस्तुत हुने आयोजकले जानकारी गराएको छ।

## सालको चिरान काठसहित एकजना पक्राउ

प्रमोद यादव, पंचगावाँ, १२ वैशाख/

पर्साको राष्ट्रिय वनजङ्गलबाट अवैधरूपबाट सालको रूख कटान गरेको कसूरमा वनकर्मीले एकजनालाई पक्राउ गरेको छ।

सखुवाप्रसौनी गाउँपालिका–२ प्रसौनीटोल निवासी सुनोज साहलाई वनकर्मीले सालको काठसहित पक्राउ गरेको सबडिभिजन वन कार्यालय, रङ्गपुरटाँडीका रेन्जर कपिलदेव यादवले (बाँकी पाँचौं पातामा)

# स्थापना दिवसमा बिरामीलाई फलफूल वितरण

प्रस, ठोरी, १२ वैशाख/



तस्वीरः प्रतीक

ठोरी आँखा उपचार केन्द्रले स्थापना दिवसको अवसरमा बिरामीहरूलाई फलफूल वितरण गरेको छ।

नेपाल नेत्र ज्योति सङ्घ हीरालाल सन्तुदेवी प्रधान नेत्र विज्ञान अध्ययन संस्थान, भरतपुर आँखा अस्पतालद्वारा सञ्चालित ठोरी आँखा उपचार केन्द्रको नवौं वार्षिकोत्सवको उपलक्ष्यमा ठोरीका विभिन्न स्थानमा सम्पन्न आँखा शिविरमा सहभागी भएर मोतीबिन्दुको शल्यक्रिया गरेका १७ जना बिरामीलाई कार्यक्रमका प्रमुख अतिथि गापा अध्यक्ष लालबहादुर श्रेष्ठलगायतले फलफूल, जुस वितरण गरेका थिए।

वडाध्यक्ष एवं ठोरी आँखा उपचार केन्द्र सहयोगी समितिका संयोजक अमृतकृष्ण सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा नेत्र ज्योति सङ्घ नेपालका केन्द्रीय उपाध्यक्ष ऋषिराम पौडेल, भरतपुर आँखा अस्पतालका अध्यक्ष जयराम श्रेष्ठ, पूर्वअध्यक्ष कृष्णराज धरेलगायतको सहभागिता थियो।

# विष्णु महायज्ञका लागि सुखचैनामा कलशयात्रा

प्रस, परवानीपुर, १२ वैशाख/


तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका–१८ सुखचैनामा विष्णु महायज्ञका लागि मङ्गलवार कलशयात्रा निकालिएको छ। बुधवारदेखि हुने नौ दिने विष्णु महायज्ञको लागि आज कलशयात्रा निकालेर विभिन्न वडा परिक्रमा गरिएको वडाध्यक्ष उमाशङ्कर तिवारीले बताए। सुखचैना, पटेलनगर, परवानीपुर, चैनपुर, रामपुर मुसहरी, ताजपुरलगायत परिक्रमा गरेर परवानीपुर उद्यानजीको श्रीसिया नदीमा जल भरेर पुनः महायज्ञस्थल फर्किएको थियो।

कलशयात्रामा दलित समुदायको सहभागिता रहेको र विभिन्न स्थानमा यात्रीहरूलाई विभिन्न हिन्दूवादी संस्थाहरूले चीसो पेय पदार्थबाट स्वागत गरेका थिए भने वडा नं २१ ताजपुरमा गैरहिन्दु पूर्ववडाध्यक्ष हबिब मियाँले पनि कलशयात्रामा सहभागी भक्तजनहरूको लागि चीसो पेय पदार्थको व्यवस्था गरेका थिए।

कलशयात्रामा वडाध्यक्ष राधाकृष्ण रौनियार, महायज्ञ आयोजक समितिका अध्यक्ष खोभारी महतो, मन्द्रिका महतो, गोपाल यादवलगायतको सहभागिता थियो। भोलि महायज्ञस्थलमा बिहानदेखि कथावाचन हुने र साँझदेखि भजनकीर्तन, रामलीलासहितको सांस्कृतिक कार्यक्रम हुने आयोजक समितिले जनाएको छ।

# कमोडिटी एक्सचेन्जर स्टक एक्सचेन्जमा सात कम्पनीको आवेदन

काठमाडौं, १२ वैशाख/रासस

धितोपत्र बजारमा नयाँ स्टक एक्सचेन्ज र वस्तु विनिमय बजार (कमोडिटी मार्केट) सञ्चालनका लागि सात कम्पनीको आवेदन परेको छ।

नयाँ स्टक एक्सचेन्ज र कमोडिटी मार्केटका लागि आवदेन दिने यही वैशाख १० गतेसम्मका लागि समयसीमा तोकिएकामा सात कम्पनीको आवेदन दर्ता भएको नेपाल धितोपत्र बोर्डले जनाएको छ। "धितोपत्र बजार सञ्चालनका लागि सङ्गठित संस्था स्थापना गर्न सिफारिशका लागि तथा वस्तु विनिमय बजार सञ्चालन गर्न कम्पनी स्थापना गर्नुपूर्व स्वीकृतिका लागि निवेदन माग गरिएको थियो," बोर्डद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। बोर्डका अनुसार कमोडिटिज एक्सचेन्जतर्फ मल्टी डेरिभेटिभ एक्सचेन्ज लिमिटेड, मल्टी एसेट्स एन्ड डेरिभेटिभ एक्सचेन्ज लिमिटेड, हिमालयन कमोडिटिज एन्ड डेरिभेटिभ एक्सचेन्ज लिमिटेड र नेपाल मल्टी कमोडिटिज एक्सचेन्ज लिमिटेडको आवेदन परेको छ।

त्यस्तै, स्टक एक्सचेन्जतर्फ हिमालयन स्टक एक्सचेन्ज, नेशनल स्टक एक्सचेन्ज अफ नेपाल र अन्नपूर्ण स्टक एक्सचेन्ज लिमिटेडको आवेदन परेको बोर्डले जनाएको छ।

सर्वोच्च अदालतको गत वर्ष चैत २६ गतेको फैसलाले नयाँ स्टक कम्पनी, कमोडिटी मार्केट र धितोपत्र कारोबारका लागि नयाँ दलाल व्यवसायी (ब्रोकर) लाइसेन्स जारी गर्न बाटो खुलेको थियो।


धितोपत्र बोर्डले गत वर्ष असोज २ गते नयाँ स्टक र धितोपत्र दलाल व्यापारीको अनुमतिपत्रका लागि निवदेन मागेको थियो।

बोर्डको उक्त निर्णयविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जसमेतलाई विपक्षी बनाइ अधिवक्ता दीपक विक्रम मिश्रले गत असोज ३१ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। तर उक्त मुद्दा सर्वोच्चको चैत २६ गतेको फैसलाले खारेज गरेपछि धितोपत्र बोर्डले चैत ३० गते सूचना जारी गर्दै वैशाख १० गतेसम्म आवेदन दिइसक्न भनेको थियो।

धितोपत्र बजारको विकास तथा विस्तारका लागि नयाँ स्टक एक्सचेन्ज तथा कमोडिटी मार्केट खोल्नुपर्ने र थप ब्रोकर लाइसेन्स खुलाउनुपर्ने बोर्डले जनाएको छ।

धितोपत्र कारोबारको सेवा तथा गुणस्तर स्वच्छ, निष्पक्ष, पारदर्शी र प्रतिस्पर्धी बनाइ सर्वसाधारण लगानीकर्ताको पहुँच अभिवृद्धि गर्न धितोपत्र दलाल तथा धितोपत्र व्यापारी थप गर्न लागिएको बोर्डले जनाएको छ। चालू आर्थिक वर्ष २०७९/८० को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रममा पनि धितोपत्र बजारलाई देशव्यापी बनाउन वित्तीयरूपले सबल नयाँ धितोपत्र दलाल व्यवसायीको सङ्ख्या थप गरिनेछ।

## नेप्सेमा दोहोरो अङ्कको सुधार




नेपाल स्टक एक्सचेन्ज (नेप्से)को परिसूचक मङ्गलवार दोहोरो अङ्कले बढेको छ। नेप्से परिसूचक १७ दशमलव ३६ अङ्कले बढेर एक हजार ९०५ दशमलव ६८ को बिन्दुमा पुगेको हो।

आज २६५ वटा कम्पनीका २७ लाख ५७० कित्ता शेयर २७ हजार ७६६ पटक खरीद–बिक्री हुँदा रु ८८ करोड ५५ लाख ७८ हजार बराबरको कारोबार भएको छ।

आज म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव एक अङ्कले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै निर्जीवन बीमा समूह ९५ दशमलव ४२ र उत्पादन तथा प्रशोधन समूह ७९ दशमलव ६३ अङ्कले बढेका छन्।

आज बैकिङ समूह १२ दशमलव १७, विकास समूह ५७ दशमलव ०५, वित्त समूह १७ दशमलव ४९, होटल तथा पर्यटन समूह ६६ दशमलव ९७ र जलविद्युत् समूह १२ दशमलव नौ अङ्कले बढेका छन्।

त्यस्तै, जीवन बीमा समूहको उपसूचक ५७ दशमलव ३०, उत्पादन समूह १५ दशमलव ८०, व्यापार समूह १३ दशमलव २२ र अन्य समूह छ दशमलव ७४ अङ्कले बढेका छन्।

आज तारागाउँ होटल रिजेन्सीको शेयर मूल्य सबैभन्दा धेरै आठ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने सनराइज ब्लुचिप फन्डको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु सात करोड ९१ हजार ५५७ बराबरको एक लाख ६६ हजार २२ कित्ता शेयर किनबेच भएको छ।

# विवाद समाधानका लागि संवाद प्रक्रिया

विचार



शुक्रऋषि चौलागाईं

**संवाद प्रक्रियाबाट सवाललाई सम्बोधन गर्ने मात्र नभई यसले संवादको संस्कृति निर्माणलाई जोड दिएको छ। अलगअलग धर्म, समुदायका नागरिकहरूबीचमा पनि संवाद गरेर प्रेम, भ्रातृत्व, सहिष्णुता र एकता अभिवृद्धि गर्न/गराउन सकिन्छ।**

संवाद सामान्यतया वार्तालाप नै हो। एक वा दुईबीच हुने कुराकानीको प्रक्रिया नै संवाद हो। विवादित या सरोकारवाला पक्षलाई समानरूपमा बोल्ने दिइने अवसर पनि संवाद हो। संवाद साझा अर्थ र बुझाइलाई खोतल्ने उद्देश्यका साथ गरिने बातचित हो। समस्या समाधानका लागि गरिने अन्तर्क्रिया पनि संवाद हो, जहाँ सम्बन्ध क्रमशः सुधारिँदै जान्छ र एकअर्काप्रतिको विश्वास बढ्दै जान्छ। वास्तवमा संवाद एक भावनात्मक प्रक्रिया हो, जसलाई शब्दमा अर्थ्याउन कठिन हुन्छ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका अनुसार फरक पृष्ठभूमि, इच्छा, आकाङ्क्षा, आवश्यकता, सिद्धान्त, दृष्टिकोण आदि भएका कारण सार्‍है समस्याग्रस्त तर अन्तरनिर्भर दुई वा दुईभन्दा बढी पक्षबीच एकअर्काको दृष्टिकोण खुलस्त र इमानदारीपूर्वक सुन्ने–सुनाउने र बुझ्ने–बुझाउने र सम्भव भएसम्म सहकार्यका साझा बिन्दुको खोजी गर्ने तर सम्भावित फरकल्पना स्वीकार्ने र आदर गर्ने मानसिकताका साथ गरिने निरन्तर अन्तर्क्रियात्मक प्रक्रियालाई संवाद भन्न सकिन्छ। संवादमा संलग्न पक्षहरूले एकअर्काको अस्तित्वलाई स्वीकार गरी एकअर्काको विचार र भावनाको सम्मान गर्दै समान हैसियतमा गरिने कुराकानी हो भनेर बुझ्न सकिन्छ।

**विवाद र द्वन्द्व**

दुई वा दुईभन्दा बढी व्यक्ति वा समूहबीच स्वाभाविकरूपमा रहने मतभिन्नता नै सामान्यतया विवाद हो। आफ्नो कुराको औचित्य प्रस्टयाउनुभन्दा पनि अर्काको कुरालाई गलत साबित गर्ने प्रयास गर्नु विवाद हो। फरक मत नस्वीकार्दा उत्पन्न हुने स्थितिलाई पनि विवाद मान्न सकिन्छ। विवादसँग सम्बन्धित व्यक्ति र पक्षले आआफ्ना इच्छा, आवश्यकता, मूल्य र मान्यताहरू एकापसमा मेल खाँदैनन् भन्ने विश्वास गर्छन्।

विवादलाई स्वाभाविकरूपमा लिइने गरिए पनि यो बढ्दै गएपछि थप जटिलता र विनाश पनि निम्त्याउन सक्छ। विवादका विभिन्न कारणहरू हुन्छन्। विवादका सकारात्मक र नकारात्मक पक्षहरू पनि हुन्छन्।

यस्तै, द्वन्द्व पनि नेपालमा अत्यधिक सुनिएको शब्द हो। सामान्य भाषामा आपसी मनमुटाव, विमति र विवादलाई पनि द्वन्द्व मानिएको पाइएको छ। विवादको उग्ररूप नै द्वन्द्व हो। दुई वा दुईभन्दा बढी पक्षबीचको असमझदारी, चर्को असहमतिबाट उत्पन्न झैंझगडा, असहज परिस्थिति र हिंसालाई द्वन्द्व भनिन्छ।

**विवादको चरण र कारण**

विवाद अकस्मात् देखिने हैन। विवादका थुप्रै चरण हुन्छन्। ती चरणहरू बढ्दै जाँदा विवाद र त्यसको स्वरूप पनि बढ्दै जाने हुन्छ। सर्वप्रथम कुनै पनि घटना वा विषयमा समस्याहरू देखा पर्छन्। दुई वा बहुव्यक्ति र पक्षबीच आरोप–प्रत्यारोप शुरू हुन्छ। ध्रुवीकरण बढ्दै गएर क्रिया–प्रतिक्रिया चल्छ। त्यसपश्चात् एकले अर्कोलाई थप क्षति पुर्‍याउने प्रयास गर्छन्। अन्तमा सङ्गठितरूपमा ध्रुवीकरणको प्रयास हुन्छ। विवादका कारणहरू पनि अनेक हुन सक्छन्। घटना र विषयलाई बुझ्ने सवालमा साझा धारणा नबन्नु नै विवादको कारण हो। विवाद एक कारणले मात्र नहुन सक्छ। मानिसका फरकफरक आवश्यकता र चाहना पूरा नभएकै कारणले विवाद बढिरहेको हुन्छ।

विवादको प्रमुख कारणमा स्रोत/साधन र सम्पत्तिमाथिको प्रयोग नै हो। यस्तै, सही र वास्तविक सूचना/सन्देश एकअर्काबीच नपुग्नु र नपुर्‍याइनु पनि विवादको अर्को कारण हो। यस्तै, आपसी सम्बन्धको अवस्था, व्यक्तिगत चाहना तथा आवश्यकताहरू, सामाजिक, संस्थागत संरचना वा ढाँचा र मूल्य–मान्यताहरूले पनि विवाद बढाउन भूमिका खेलिरहेको हुन्छ। विवादमा संलग्न पक्षहरूका आधारमा पनि विवादको स्वरूप र कारणहरू फरक हुन सक्छन्।

**विवाद (द्वन्द्व)को विश्लेषण**

विवाद आफैंमा नकारात्मक होइन। विवादलाई समयमैं सही व्यवस्थापन गर्न सकियो भने यसले सकारात्मक परिणाम पनि ल्याउँछ। विवादको समग्र स्वरूप र कारण पत्ता लगाउने तरीका र प्रक्रियालाई विश्लेषण भन्न सकिन्छ। विवादको कारण, विवादमा संलग्न व्यक्ति, समूह, सरोकारवाला र विवादबाट प्रभावित व्यक्तिहरूको पहिचान गर्न, विवादसँग सम्बन्ध राख्ने पक्ष र विभिन्न व्यक्तिहरूको विवादप्रतिको धारणा, बुझाइ बुझ्न र विवादको गतिशीलता थाहा पाउनका लागि गरिने अध्ययनलाई विवादको विश्लेषण भनिन्छ। विवादित पक्षको हित र अडानलाई पनि विश्लेषण गरिनुपर्छ। विश्लेषणबाट विवादको सूक्ष्म कारण पत्ता लगाउन सकिन्छ।

विवादको विकसित रूप नै द्वन्द्व हो। द्वन्द्व विभिन्न कारणले हुने भएकाले यो बहुआयामिक र जटिल प्रकृतिको हुन्छ। विवादको सम्बन्धमा यथार्थता बुझ्न, विवाद सिर्जनाको वास्तविक कारण पत्ता लगाउन, विवादका मुख्य पात्र को हुन्? तिनको पहिचान गर्न, विवाद बढाउन र घटाउनमा को को सक्रिय छन् भन्ने पहिचान गर्न, पात्रहरूबीचको सम्बन्ध कस्तो छ, बुझ्न। विवाद समाधानको मुख्य साँचो कहाँ छ? पत्ता लगाउन र विवाद समाधान गर्न विभिन्न रणनीति र कार्ययोजना निर्माण गर्न पनि विश्लेषण अनिवार्य मानिन्छ। विवाद विश्लेषणले सम्भावित सम्पूर्ण आकलन र त्यसको समाधानका लागि अपनाउन सकिने उपाय र प्रक्रियाबारे पनि मदत पुर्‍याउँछ।

**संवाद प्रक्रिया**

विवादका विभिन्न तत्त्वहरू व्यक्ति, प्रक्रिया र समस्याहरूलाई मसिनो गरी चिरफार गर्ने विधि नै संवाद प्रक्रिया हो। संवाद प्रक्रियाका लागि सर्वप्रथम छनोट गर्न लागिएका घटना र विषय कत्तिको उपयुक्त छन्? निर्क्योल गर्न जरुरी छ। संवाद प्रक्रिया अघि बढाउनुपूर्व आम सरोकारको विषय हो कि हैन? आकलन गर्न जरुरी छ। घटना, विषयको अध्ययन गर्ने, सरोकार पक्षको पहिचान गरी आवश्यकता अनुसार गोप्य (सेफरेट), सामूहिक र संयुक्त बैठक/भेला (संवाद)का माध्यमबाट निकास खोज्ने प्रक्रियालाई नै संवाद प्रक्रिया मान्न सकिन्छ।

संवाद प्रक्रियाका लागि केही चरणहरू अपनाइनुपर्ने हुन्छ। जटिल परिस्थितिमा संवादलाई प्रभावकारी बनाउन वा विकल्पको खोजीमा सहयोग गर्न सहजकर्ताको आवश्यकता पर्न सक्छ। घटना र विषयवस्तु संवाद प्रक्रियाका लागि उपयुक्त छ कि छैन भन्ने कुरा संवादकर्ता या सहजकर्ता (टीम)ले आवश्यकताबोध गर्नुपर्छ। सरोकार पक्षलाई पनि संवादको बोध गराउँदै संवाद प्रक्रियाबारे अवगत गराइनुपर्छ। विषय प्रवेशका लागि आपसी तयारी (छलफल) अनि प्रारम्भिक सूचना सङ्कलन, पक्षहरूसँग नियमित भेटघाट, अध्ययन विश्लेषण, सवालसँग सम्बन्धित आवश्यक कागजात सङ्कलन, पक्षहरूको छुट्टाछुट्टै पहिचान, पक्षबीच समझदारी या सहमतिका लागि पूर्वतयारी बैठक, संयुक्त बैठक, प्रगति समीक्षा आदि चरणहरू पूरा गरिनुपर्दछ। मुख्यतया परिवेशलाई दृष्टिगत गर्दै विवेकपूर्णरूपमा संवाद प्रक्रिया बढाइनुपर्ने हुन्छ।

**संवादको आवश्यकता र महत्त्व**

भारतसँग जोडिएको बहुधर्म/बहुभाषी बसोबास बाँके संवेदनशील जिल्ला हो। जाति, समुदाय, धर्मका नाममा उच्छृङ्खल, अराजक र साम्प्रदायिक सद्भाव भड्काउने गतिविधि पनि हुने गर्छन्। ससाना सवाल र मुद्दामा पनि उत्ताउलो र अराजक भएको तीतो दृष्टान्त छ। शान्ति, सद्भाव र सुशासनका लागि कसैको एकल पहलले सम्भव पनि छैन। पछिल्लो चरण त्यस्ता खालका घटनाहरू भएका त छैनन् तर सम्भावित द्वन्द्व कायमै रहेको हुन सक्छ।

पछिल्लो चरण विवाद र द्वन्द्व रूपान्तरणका लागि नागरिकस्तरबाट पनि पहल भएका छन्। जनसरोकारका कतिपय विषय र सवाललाई संवादमार्फत् नै निकास खोजिएको छ। खोज्ने प्रयास गरिएको छ। बहुसरोकार, जटिल र संवेदनशील सवाल पनि संवादको माध्यमबाट हल गरिएका उदाहरणहरू छन्।

संवादको उद्देश्य एकापसमा कुराकानी गर्नु मात्र होइन। व्यक्तिको सोच र उनीहरूबीचका सम्बन्ध खुल्दै गएर सामूहिक समन्वयबाट वास्तविक स्वतन्त्रताको अनुभूति गर्नु पनि हो। समाजमा भाइचाराको सम्बन्ध स्थापना गर्न, विवादित तथा द्वन्द्वरत पक्षलाई द्वन्द्वको परिणाम सार्वजनिक हितमा लगाउन प्रेरित गर्न, शक्ति केन्द्रका बीचमा सन्तुलन कायम गर्न र नागरिकलाई आत्मसम्मानको अनुभूति दिलाउने परिवेश निर्माण गर्नका लागि पनि संवादको आवश्यकता पर्छ।

संवाद प्रक्रियाबाट सवाललाई सम्बोधन गर्ने मात्र नभई यसले संवादको संस्कृति निर्माणलाई जोड दिएको छ। अलगअलग धर्म, समुदायका नागरिकहरूबीचमा पनि संवाद गरेर प्रेम, भ्रातृत्व, सहिष्णुता र एकता अभिवृद्धि गर्न/गराउन सकिन्छ। संवाद शिक्षाले हरेक व्यक्तिलाई सामाजिक मात्र हैन, शान्त र संयम पनि बनाउने गर्दछ। ससाना विवादमा पनि प्रहरी, अदालतसम्म पुग्नुपर्ने बाध्यता संवादबाटै हटाइनुपर्नेछ। संवाद संस्कृतिले सकारात्मक सोच उत्पन्न गराइ विकास निर्माणमा लाग्न पनि मदत पुर्‍याउँछ। शान्ति तथा सद्भावका लागि संवादको संस्कृति निर्माण गर्नुपर्छ।

संवादको आवश्यकता र महत्त्व बिस्तारै चुलिंदै गएको छ। शान्ति, सुशासन, विकासमा संवादको भूमिका अझै प्रभावकारी हुँदै गएको छ। राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाउन, जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्न, राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराउन र नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटोछरितो सरल एवं न्यायिकरूपमा उपलब्ध गराइ आम नागरिकलाई शासनको सुखद अनुभूति दिलाउन पनि संवाद प्रक्रिया र संवाद संस्कृतिको आवश्यकता छ। रासस (लेखक नेपाल पत्रकार महासङ्घ, लुम्बिनी प्रदेशका उपाध्यक्ष एवं संवाद सहजकर्ता हुन्)

# राजनीतिक अभ्यास, आर्थिक शिथिलता र युवाको नैराश्यतालाई चिर्नु छ -डा वाग्ले

तनहुँ, १२ वैशाख/रासस

तनहुँ क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित डा स्वर्णिम वाग्लेले देशको राजनीतिक अभ्यास, आर्थिक शिथिलता र युवाको नैराश्यतालाई एकसाथ चिर्नुपर्ने अवस्था आएको बताएका छन्।

मुख्य निर्वाचन कार्यालयबाट विजयीको प्रमाणपत्र लिएपश्चात् राष्ट्रिय स्वतन्त्र पार्टीद्वारा मङ्गलवार आयोजित सभामा उनले भने, "राजनीति सही दिशामा छैन, दूषित बन्दै गएको छ, यसलाई सङ्ल्याउनुपर्छ।" राजनीतिलाई सङ्ल्याएर अर्थतन्त्रलाई माथि उकास्नुपर्ने डा वाग्लेको भनाइ थियो।

राष्ट्रिय जीवनका विभिन्न पाटा ठप्प रहेका उल्लेख गर्दै उनले ती सबै कुरालाई खुकुलो बनाउँदै अन्तर्निहित सम्भावनालाई प्रष्फुटनका लागि राजनीतिलाई सही दिशामा ल्याउनुपर्नेमा उनले जोड दिए। एक व्यक्तिको प्रयासले मात्रै देशको विकास गर्न नसकिने उल्लेख गर्दै डा वाग्लेले यसका लागि सबै राजनीतिक दल एकै स्थानमा रहेर जिम्मेवारका साथ काम गर्नुपर्ने समय आएको उल्लेख गरे।

"रास्वपा छ महीनामा राष्ट्रिय पार्टी बन्न सफल भएको छ, राजनीतिमा यसले एक किसिमको झिल्को दिएको छ। यसले परम्परागत दललाई सुध्रिन बाध्य बनाएको छ," उनले भने। युवाका आकाङ्क्षालाई पूर्णरूपले आत्मसात् गर्दै अघि बढ्नुको विकल्प नरहेको वाग्लेको भनाइ थियो।



तस्वीरः रासस

उनले भने, "देशका विकृति विसङ्गतिलाई चिर्न तनहुँले ठूलो सन्देश दिएको छ," उनले भने। तनहुँवासीले गर्व गर्ने किसिमले इमानदार र जिम्मेवार भएर काम गर्ने डा वाग्लेले प्रतिबद्धता व्यक्त गरे।

## फरक समाचार

# तीन चिज बढी खाँदा बुढेसकालमा हड्डी भाँचिन्छ

हाम्रो शरीरको सम्पूर्ण आधार हड्डीहरूमा मात्र टिक्छ। हड्डी कमजोर भएमा कुनै पनि काम राम्ररी गर्न गाह्रो हुन्छ।

हड्डीको वृद्धि सामान्यतया २० वर्षको उमेरपछि रोकिन्छ। यसपछि हड्डीबाट पोषक तत्त्वको चुहावट हुँदैन, यसका लागि पौष्टिक आहार आवश्यक हुन्छ।



क्यालिसयम, भिटामिन 'डी' हड्डीलाई बलियो बनाउनका लागि धेरै महत्त्वपूर्ण तत्त्वहरू हुन्। तर यदि हाम्रो आहार बिग्रन थाल्यो भने बुढेसकालमा हड्डीबाट पोषक तत्त्वहरू रिसाउन थाल्छन् र यसका कारण हड्डी कमजोर हुन थाल्छ। यसले हड्डी भाँच्न वा ओस्टियोपोरोसिसको परिणाम दिन्छ। ६० वर्षभन्दा माथिका पुरुष र रजोनिवृत्तिपछि महिलामा हड्डी भाँच्ने खतरा बढी हुन्छ।

बेलायतको स्वास्थ्य मन्त्रालयको वेबसाइटले एक अनुसन्धानलाई उद्धृत गर्दै भनेको छ कि यदि युवावस्थामा भिटामिन 'ए' युक्त खानेकुरा बढी खाइयो भने बुढेसकालमा हड्डी भाँच्ने खतरा निकै बढ्छ। यही कारणले गर्दा कतिपयलाई बुढेसकालपछि ओस्टियोपोरोसिस हुने गर्छ। रजोनिवृत्तिपछि महिलाहरूमा हड्डी भाँच्ने जोखिम धेरै बढ्छ। त्यसैले युवावस्थामा भिटामिन 'ए'को सीमित सेवन गर्न सल्लाह दिइएको छ। यी तीन खानेकुराले हड्डी भाँच्ने खतरा बढाउँछ।

**१. पशुको कलेजो–** अधिकतम भिटामिन 'ए' जनावरको कलेजोमा पाइन्छ। यसमा हामीलाई चाहिनेभन्दा दोब्बर भिटामिन 'ए' पाइन्छ। त्यसैले हप्तामा एकपटकभन्दा बढी कलेजोको सेवन नगर्न भनिएको छ। कलेजोको धेरै सेवनले बुढेसकालमा हड्डी भाँच्ने खतरा धेरै गुणा बढाउँछ।

**२. माछाको कलेजोको तेल–** केही माछाहरू धेरै तैलीय हुन्छन्। ठूलो माछाको कलेजो पनि ठूलो हुन्छ। माछाको कलेजोबाट निस्कने तेलमा भिटामिन 'ए' प्रशस्त मात्रामा पाइन्छ। त्यसैले यस्ता माछाको कलेजोको तेल धेरै खानुहुँदैन। आजकल कतिपयले माछाको कलेजोको तेललाई सप्लिमेन्टको रूपमा पनि सेवन गर्छन्। माछाको कलेजोको तेलले पछि अस्टियोपोरोसिसको जोखिम बढाउँछ।

**३. अन्डा–** युवाहरूले मांसपेशीको विकासका लागि धेरै अन्डा खान्छन्। हरेक दिन अन्डा धेरै खानुहुँदैन। अन्डामा भिटामिन 'ए' प्रशस्त मात्रामा पाइन्छ। त्यसैले दिनमा दुई वा तीनभन्दा बढी अन्डा खानुहुँदैन।

**दैनिक कति भिटामिन 'ए' आवश्यक छ**

वयस्क मानिसले एक दिनमा १.५ मिलिग्राम वा १५०० माइक्रोग्रामभन्दा बढी भिटामिन 'ए' उपभोग गर्नुहुँदैन। हामीले दैनिक खानेकुराबाट नै धेरै भिटामिन 'ए' पाउँछौं। त्यसैले भिटामिन 'ए' प्राप्त गर्न पशुको कलेजो, माछाको कलेजोको तेल, अन्डाको अत्यधिक सेवन गर्नुहुँदैन।

**कलेजोको सट्टा के खाने ?**

जनावरको कलेजोबाहेक पनि यस्ता धेरै चीज छन्, जसको सेवनले भिटामिन 'ए'को आवश्यकता सजिलै पूरा गर्न सकिन्छ। भिटामिन 'ए'को लागि हरियो सागसब्जी, पालक, गाजर, मीठो आलु, पहेंला फलहरू जस्तै आँप, मेवा आदिको अधिक सेवन गर्नुपर्छ।

# कागती निचोरेर बोक्रा फोहोरमा नफालौं

हामी सबैलाई कागतीका फाइदाहरू थाहा छ। यो छाला, कपाल र हाम्रो पेटको स्वास्थ्यको लागि धेरै उपयोगी छ। यसको रस जतिसुकै अमिलो लागे पनि



यो औषधिभन्दा कम छैन। जब हामी यसलाई निचोड्छौं, हामी प्रायः यसको बोक्रालाई बेकारको रूपमा डस्टबिनमा फालिदिन्छौं, तर एकपटक हामीले यसका फाइदाहरू थाहा पाएमा हामीले फ्याल्ने गलती फेरि गर्दैनौं।

**कागतीको बोक्राको फाइदा**

कागतीको बोक्रामा भिटामिन, फाइबर, पोटाशियम, म्याग्नेशियम र क्याल्शियम जस्ता महत्त्वपूर्ण पोषक तत्वहरू पाइन्छन्, जसले हाम्रो शरीरलाई धेरै किसिमले फाइदा पुर्‍याउँछ।

कागतीको बोक्रामा एन्टिअक्सिडेन्ट पाइन्छ, जसले शरीरलाई बाहिरी र आन्तरिकरूपमा फाइदा गर्छ। कागतीको बोक्रा सेवन गर्दा रोग प्रतिरोधात्मक क्षमता बढ्छ। कागतीको बोक्रामा एन्टी–ब्याक्टेरियल गुण हुन्छ, जसले दाँत र मुखको समस्याबाट राहत दिन्छ।

**कागतीको बोक्रा कसरी प्रयोग गर्ने**

कागतीको बोक्रालाई ससानो टुक्रा पारेर तरकारी, पेय पदार्थ वा सलादमा मिसाएर सेवन गर्न सकिन्छ। कागतीको बोक्रालाई पिंधेर जैतुनको तेलमा राखेर त्यसबाट धेरै परिकार बनाउन सकिन्छ। कागतीको बोक्रालाई मिक्सरमा पिंधेरब्रेड स्प्रेड तयार गर्न सकिन्छ।

भान्साकोठा सफा गर्नको लागि कागतीको बोक्रामा बेकिङ सोडा लगाएर ग्याँस र स्ल्याब सफा गर्न सकिन्छ। बेकिङ सोडाबाहेक यसको बोक्रामा भेनेगर मिसाएर पनि प्रयोग गर्न सकिन्छ।

यदि वर्षायाममा हाम्रो शरीरमा कीरा र माकुरा बढी टाँसिन्छ भने कागतीको बोक्रा शरीरमा दल्नुपर्छ।

यदि भान्साको कुनै कुनाबाट गन्ध आइरहेको छ भने त्यहाँ कागतीको बोक्रा राख्नुहोस्, गन्ध हराउँछ।

कागतीको बोक्रामा मह मिसाएर दल्दा अनुहार कोमल हुन्छ। र यसको बोक्रा फेस मास्क तयार गर्न प्रयोग पनि सकिन्छ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# पाकिस्तानको प्रतिआतङ्कवाद कार्यालयमा विस्फोटः १२ जनाको मृत्यु

इस्लामाबाद, १२ वैशाख/ एएफपी

उत्तरपश्चिम पाकिस्तानको स्वात उपत्यकास्थित प्रतिआतङ्कवाद कार्यालयमा विस्फोट हुँदा १२ जनाको मृत्यु भएको छ।

विस्फोटमा अधिकांश सुरक्षा अधिकारीले ज्यान गुमाएका छन्।

विस्फोटमा परी चालीसजनाभन्दा बढी घाइते भएका छन् भने आसपासका भवनहरू भत्किएका छन्। विस्फोट बाह्य हमलाका कारण भएको कुनै प्रमाण नभेटिएको र विद्युतीय त्रुटिका कारण दुर्घटना भएको सरकारी अधिकारीहरूले अनुमान गरेका छन्।


घाइतेको उद्धार गर्दै पाकिस्तानी प्रहरी। तस्वीरः एएफपी

अफगानिस्तानको छिमेकी खैबर पख्तुनख्वामा प्रान्तीय प्रहरीका प्रवक्ताले गोलाबारुदमा आगलागी हुँदा विस्फोट भएको हुन सक्ने बताएका छन्।

पाकिस्तानी तालिबानी समूहले विगत केही समयदेखि सुरक्षा बललाई लक्षित गरी धेरै आक्रमण गर्दै आएको छ तर यो विस्फोटको जिम्मेवारी कुनै समूहले लिएको छैन।

प्रतिआतङ्कवाद विभागका क्षेत्रीय प्रमुख सोहेल खालिदले पनि कार्यालयमा भएको विस्फोट आतङ्कवादीले गराएको नभई, दुर्घटना भएको प्रारम्भिक अनुसन्धानको प्रतिवेदन आफूलाई प्राप्त भएको बताएका छन्।

कार्यालयमा राखिएका हातहतियार गोलाबारुदमा लापरवाहीका कारण आगो सल्केर विस्फोट भएको हुन सक्ने उनको अनुमान छ। रासस

# सुडान सङ्कटः युद्धरत पक्ष युद्धविरामका लागि सहमत

खार्तुम, १२ वैशाख/एएफपी

सुडानमा युद्धरत पक्षबीच युद्धविराम गर्ने सहमति भएको छ। संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा सुडानी सशस्त्र बल (एसएएफ) र र्‍यापिड सपोर्ट फोर्सेस (आएसएफ) ७२ घण्टा युद्धविराम गर्न सहमत भएका हुन्।

सोमवार मध्यरातदेखि युद्धविराम लागू भएको छ। सङ्घर्षरत दुवै पक्षले युद्धविराम पालना गर्ने प्रतिबद्धता जनाएका छन्। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले ४८ घण्टा लामो वार्तापछि सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स आरएसएफबीच सम्झौता भएको बताएका छन्।

यही वैशाख २ गतेदेखि प्रारम्भ भएको द्वन्द्वमा ४०० भन्दा बढीको मृत्यु भइसकेको छ। जारी युद्धका कारण हजारौं घाइते भएका छन् भने ठूलो सङ्ख्यामा विदेशीहरू पलायन भएका छन्। यस अघिका युद्धविरामका प्रयास असफल भएका थिए।

राष्ट्रसङ्घीय निकायहरूले ४२७ जना मारिएका तथा ३७०० भन्दा बढी घाइते भएका जनाएका छन्। युद्धमा खार्तुमस्थित इजिप्सेली दूतावासका प्रशासन सहायक एक कर्मचारीको मृत्यु भएको इजिप्टको विदेश मन्त्रालयले पुष्टि गरेको छ। उनी घर फिर्ती हुने तयारीमा सहभागी हुन दूतावास आउँदै गरेका बेला आक्रमणमा परेका हुन्। खार्तुमका सडकमा लाश यत्रतत्र छरिएका छन्।


द्वन्द्व प्रभावित क्षेत्र खार्तुम छाड्दै स्थानीय। तस्वीरः रायटर्स

आरएसएफले युद्धविरामको उद्देश्य मानवीय सङ्कट उत्पन्न हुन नदिन तथा देशवासीलाई आवश्यक स्वास्थ्य सेवाका साथै सुरक्षित स्थानसम्म पहुँच सुनिश्चित गर्न तथा कूटनीतिक नियोगहरूलाई खाली गर्नु हो भनेको छ।

प्रतिद्वन्द्वी समूह एसएएफले पनि आरएसएफले युद्धविराम पालना गरेमा त्यसलाई मान्ने बताएको छ।

हिंसा शुरू भएदेखि युद्धग्रस्त राजधानी खार्तुमका बासिन्दालाई घरभित्रै बस्न भनिएको छ। उनीहरू खाना र पानीको चरम अभाव झेलिरहेका छन्। बम विस्फोटले पानी आपूर्तिका पूर्वाधार क्षतविक्षत भएका छन्। सुडानीहरू नाइल नदीको पानी पिउन बाध्य भएका छन्। घोषित युद्धविरामले उनीहरूलाई शहरबाट सुरक्षित स्थानतर्फ जान सहज हुनेछ। विदेशी सरकारहरूलाई पनि आफ्ना आफ्ना कूटनीतिज्ञ र नागरिकको उद्धार गर्न सजिलो हुने बताएका छन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सुडान हिंसाले देशको सम्पूर्ण क्षेत्र र छिमेकी भूभागमा विपत्तिको आगो फैलन सक्ने चेतावनी दिएका छन्।

आइतवार रातिदेखि सुडानमा इन्टरनेट सेवा अवरुद्ध छ। देशबाट हजारौं नागरिक छिमेकी देश पलायन भएका छन् भने करीब चार हजार विदेशीले सुडान छाडेका छन्। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | राज्यलाभ | वृष | अतिथिआगमन |
| मिथुन | सुयश | कर्कट | खर्चवृद्धि |
| सिंह | धनलाभ | कन्या | सफलता |
| तुला | राज्यलाभ | वृश्चिक | रोगभय |
| धनु | व्यापारवृद्धि | मकर | शत्रुपराजय |
| कुम्भ | ज्ञानोदय | मीन | भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# लागूऔषधसहित गाडी र मानिस पक्राउ

प्रस, वीरगंज, १२ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले ठूलो परिमाणमा लागूऔषध बरामद गरेको छ।


सार्वजनिक गरिएका लागूऔषध। तस्वीर सौजन्यः जिप्रका, पर्सा

वैशाख ११ गते राति १० बजे रक्सौलबाट वीरगंज आएको ना.१ज २०३७ नम्बरको टाटासुमो चेकजाँच गर्दा सोबाट ४२०० एम्पुल फेनारगन, डाइजेल्याब र नुर्फिन बरामद भएको जिप्रका, पर्साले जनाएको छ।

सूचनाको आधारमा वडा प्रहरी कार्यालय, श्रीपुरका प्रनि आशुतोषबहादुर शाही नेतृत्वको टोलीले टाटासुमो चेकजाँच गर्दा बर्नटको दुवै भागमा १४ पोकामा १४/१४ सय फेनारगन, डाइजेल्याब, नुर्फिन बरामद भएको थियो।

लागूऔषध बरामद भएपछि सुमो चालक वीरगंज महानगर-१६ बस्ने बबलु पाठकलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

आज उनलाई पर्सा जिल्ला अदालतमा हाजिर गराएर सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जिप्रका, पर्साले जानकारी गराएको छ।

### सालको चिरान ...

बताए।

पक्राउ परेका साहले राष्ट्रिय वनजङ्गलबाट अवैधरूपबाट सालको रूख कटान गरी सालको गोलिया सखुवाप्रसौनी गापा-३ को समिलमा चिरान गराएर ना.१५प २९८८ नम्बरको मोटरसाइकलमा लोड गरेर लैजाने क्रममा वनकर्मीले पक्राउ गरेको रेन्जर यादवले बताए। पक्राउ परेका साह, बरामद सालको चिरान काठ तथा मोटरसाइकललाई सबडिभिजन वन कार्यालय, रङ्गपुरटाँडीमा राखेर थप अनुसन्धान भइरहेको रेन्जर यादवले जानकारी गराएका छन्।

### फ्लाई दुबई ...

बलिरहेकै हुन्छ। आगोले नै इन्जिनलाई पावर दिनु सामान्य कुरा हो। यस्तो बेला पाइलटले होशियारी अपनाउनुपर्छ।

उडिरहेको जहाजको इन्जिन खराब भएको भए काठमाडौं विमानस्थलमा अवतरण गर्नुपर्ने अवस्था हुन्थ्यो। जहाजका सबै 'पारामिटर नर्मल' भएमा उडानलाई निरन्तरता दिने पाइलटले निर्णय लिएको देखिन्छ। यस्तो अवस्थामा पाइलटको निर्णय नै अन्तिम निर्णय हुन्छ।

पाइलटले होशियारीपूर्वक पारामिटरको चेकजाँच गरे पनि जहाजलाई गन्तव्यतिर लगेको देखिन्छ। जहाजमा प्राविधिक समस्या देखिनासाथ पाइलटले जहाजलाई फन्को लगाएर 'इन्डिकेटर र पारामिटर' चेकजाँचपछि उडान गर्न सक्ने श्रेष्ठको भनाइ छ।

**आपत्कालीन अवतरणका लागि सबै संयन्त्र सक्रिय**

उडिरहेको वा उडान भर्नासाथ जहाजमा प्राविधिक समस्या देखिएमा जहाज तत्कालै होल्ड गरेर इन्डिकेटर जाँच गरेपछि जहाजको इन्जिन फेल भएको खण्डमा आपत्कालीन अवतरण गर्नुपर्छ। सोमवारको घटनामा जहाजका सबै इन्डिकेटरले काम गरेकाले गन्तव्यतिर लगिएको हो। अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओको) म्यानुअल अनुसार जहाजबारे अनुसन्धान गर्नुपर्ने हुन्छ। उक्त अनुसन्धानपछि मात्रै के कारणले घटना घटेको भन्ने बाहिर आउने उनले बताए।

नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार चराको जोखिम नियन्त्रणका लागि शिकारीको व्यवस्था गरिएको छ। उनले जहाजमा चरा ठोक्किएको अहिलेसम्म पुष्टि नभएको बताए। "नेपालमा दर्ता नभएको जहाज भएकाले फ्लाई दुबईको जहाजको अध्ययन सम्बन्धित मुलुकले गर्नेछ। नेपालको तर्फबाट जानकारी गराइसकेका छौं, जहाजमा चरा ठोक्किएको पुष्टि भएको छैन, के भएको हो भन्ने विषय अनुसन्धानले पत्ता लाग्ला सहजीकरणका लागि प्राधिकरण तयार छ," प्रवक्ता निरौलाले भने।

उनले विमानस्थलको धावनमार्ग र आसपास निरीक्षण गर्दा चरा नभेटिएकाले घटना के कारणले भएको हो भन्ने अहिले पुष्टि गर्न नसकिने उल्लेख गरे। प्राधिकरणका सहायक प्रवक्ता ज्ञानेन्द्र भुलका अनुसार सोमवार जहाजको इन्जिनमा खराबी आएपछि आकस्मिक अवतरणको तयारी गरिएको थियो। अवतरणका क्रममा रहेका विमानलाई राति ९:२० देखि ९:५९ सम्म आकाशमा होल्ड गरिएको थियो। विमानस्थलमा दमकल, 'लोकल स्टयान्डबाई' गरियो। यो भनेको कुनै जहाजले खराबी देखिए इमर्जेन्सी भनी घोषणा गरेपछि आकिस्मक अवतरणका लागि गरिने अभ्यास र तैनाथ संयन्त्र हुन्।

दमकलसहित सवारीसाधन, सुरक्षाकर्मी, अस्पताल सबै तयारी अवस्थामा राखिएका थिए। पाइलटले जहाज गन्तव्यमा पुग्छ भन्ने घोषणा गरेपछि विमानस्थलले सबै उडान खुलाएको थियो।

जहाजका सम्बन्धमा नेपालको एटिसीसँग सोधपूछ गर्न सक्छन्। नेपालमा अवतरण भएको भए यहाँ प्राविधिक समिति गठन गरेर अनुसन्धान गर्नुपर्ने हुन्थ्यो। तर जहाज दुबईमैं अवतरण भएकाले दुबईको सिभिल एभिएसन अथोरिटीले प्राविधिक समिति बनाएर जहाजको अनुसन्धान गर्ने प्राधिकरणले जनाएको छ।

आगो लागेपछि जहाजको इन्जिन बन्द गरिन्छ। सिङ्गल इन्जिनमा जहाज उड्छ तर गति कम हुन्छ। गन्तव्यमा पुग्न दोब्बर समय लाग्ने सहायक प्रवक्ता भुलले जानकारी दिए। विमानस्थलको टावरका एटिसीले विमानचालक (पाइलट)सँग कम्युनिकेशन गरेपछि जहाज सामान्यतवरले गन्तव्यतर्फ उडेको महाप्रबन्धक तिवारीको भनाइ छ।


**नर्थ वेस्ट इन्डस्ट्रिज प्रालिले टायर रिसाइक्लिङ गर्ने उद्योग स्थापनाको लागि आवश्यक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाइको लागि सूचना**

प्रकाशन मितिः २०८०/०१/१३

नर्थ वेस्ट इन्डस्ट्रिज प्रालिले मधेस प्रदेश, बारा, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ४ स्थित सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक नं A प्लट ४२ मा ०.६५ हेक्टर जग्गामा टायर रिसाइक्लिङ गर्ने उद्योग स्थापना गर्नको लागि वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिने भएको हुनाले उक्त कार्यक्रममा सहभागी भई आफ्नो अमूल्य रायसुझाव एवं प्रतिक्रिया प्रदान गरिदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सार्वजनिक सुनुवाइ कार्यक्रम**

**स्थान**ः मधेस प्रदेश, बारा, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ४ मा सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक नं A

**मितिः** २०८०/०१/१४ गते बिहीवार, **समयः** मध्याह्न १२ बजे

| आयोजक : | परामर्शदाता |
|---|---|
| नर्थ वेस्ट इन्डस्ट्रिज प्रा.लि. | एम्बियन्स कन्सल्ट प्रा.लि. |
| बुढानीलकण्ठ, काठमाडौं | ठेगाना : नक्साल, काठमाडौं |
| फोन नंः ९८५१२७३७३७ | सम्पर्क : ९८५१३२६९५९ |
| इमेल : bidarisangita@gmail.com | इमेल : ambience.consult.078@gmail.com |



ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ध्याङडाँडा, पर्सा
मधेस प्रदेश, नेपाल

**करारमा सेवा लिनेसम्बन्धी संशोधित सूचना**

(प्रकाशित मिति : २०८०/०१/१३)

ठोरी गाउँपालिका गाउँ कार्यपालिको करार सेवामा शिक्षक पदपूर्ति गर्नका लागि मिति २०८०/०१/०७ गते प्रथमपटक प्रकाशित गरिएको विज्ञापन नं ५८-२०७९/८० मा विषय नेपाली हुनुपर्नेमा विषय अङ्ग्रेजी भएकोले विषय संशोधन गरिएको सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्रसं | विज्ञापन नं | पद | तह | प्रकार | शैक्षिक योग्यता | सङ्ख्या | साबिक भएको विषय | हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १) | ५८-२०७९/८० | शिक्षक | निमावि | राहत करार | प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण | १ | अङ्ग्रेजी | नेपाली | विषय नेपाली हुनुपर्नेमा विषय अङ्ग्रेजी भएको |

# नेपाल–भारत सहयोग मञ्चको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, १२ वैशाख/

नेपाल–भारत सहयोग मञ्चको साधारणसभा सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

वीरगंजस्थित राणीसती अतिथि सदनको सभाहलमा मङ्गलवार आयोजित साधारणसभाको उद्घाटन वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष उद्योगपति बाबुलाल अग्रवालले गरेका थिए। उनले नेपाल–भारत सहयोग मञ्च साझा धरोहरका रूपमा रहेको बताए। उनले मञ्चले नेपाल र भारतबीच सांस्कृतिक, सामाजिक र राजनीतिक सम्बन्धलाई बलियो बनाउनेतर्फ निर्वाह गरेको भूमिकाको प्रशंसा गरे। उनले नेपालको सीमाञ्चल क्षेत्रमा रहेको वीरगंजमा मञ्चको भूमिका अत्यन्तै गहन रहेको भन्दै आगामी दिनमा संस्थागत भूमिकालाई अझै विस्तार गर्दै लैजान सुझाव दिए।

मञ्चका अध्यक्ष अशोककुमार बैदले नेपाल–भारत सहयोग मञ्चले दुई देशबीच विद्यमान जनस्तरको सम्बन्धलाई व्यापक र प्रगाढ बनाउने दिशामा निरन्तर क्रियाशील रहने बताए। उनले मञ्चका क्रियाकलाप र गतिविधिलाई समयसापेक्ष विस्तार गर्ने क्रममा स्थानीयस्तरमा गोष्ठी, अन्तर्क्रिया आयोजन गर्दै राष्ट्रिय तथा सामाजिक मुद्दाहरूको उठान गर्दै आएको जानकारी गराए।

वीउवासङ्घका पूर्वअध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुबोध गुप्ताले नेपाल–भारत सहयोग मञ्चका कार्यहरू प्रशंसनीय मात्र नभई अन्य संस्थाहरूका लागि अनुकरणीय रहेको बताए। उनले नेपाल–भारतबीच व्यावसायिक, आर्थिक, सांस्कृतिक सम्बन्धलाई नयाँ कोणबाट विश्लेषण गर्दै थप उचाइमा पुऱ्याउनुपर्ने सुझाए।

नेपाल उद्योग वाणिज्य महासङ्घ, मधेस प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले वार्षिक साधारणसभा औपचारिक र नियमित प्रक्रिया भए तापनि यसको महत्त्व रहेको बताए। उनले दुई देशबीच व्यावसायिक सम्बन्ध विस्तारका साथै नागरिकस्तरमा आइपर्ने अवरोधहरूको निराकरणमा समेत मञ्चले भूमिका खेल्नुपर्ने सुझाव दिए।

कार्यक्रममा मधेस प्रदेश विश्वविद्यालयका उपकुलपति प्राडा दीपक शाक्य, वीउवासङ्घका पूर्वअध्यक्ष गोपाल केडिया, लायन्सका रमेश अग्रवाल, रेडक्रस पर्साकी उपसभापति मधु राणाले साधारणसभाको सफलताको लागि शुभकामना व्यक्त गरेका थिए।

साधारणसभाको उद्घाटन समारोहमा मञ्चका अध्यक्ष बैद, सचिव सुबोध गुप्ता, रूँगटा वेलफेयर सोसाइटीका अध्यक्ष मुर्लीधर रूँगटा र सदस्य शमी अग्रवाललाई सम्मानित गरिएको थियो। कार्यक्रमको सहजीकरण महासचिव बालमुकुन्द खरेलले गरेका थिए।

# मुख्य सडकबाट पार्किङ हटाउने प्रयास

प्रस, वीरगंज, १२ वैशाख/

वीरगंज महानगरपालिका–१० आदर्शनगरस्थित ग्रीन सिटी सामुदायिक सेवा केन्द्रमा मङ्गलवार ट्राफिक सचेतनासम्बन्धी छलफल भएको छ।



सवारीसाधनको चाप बढ्दै गइरहेकोले सोलाई व्यवस्थित पार्नका लागि पहिलो चरणमा लोहारपट्टिचोकदेखि मकालु होटलसम्म मुख्य सडकमा सबै खाले सवारी पार्किङ निषेध गर्ने निर्णय गरिएको व्यवस्थित वीरगंज अभियानका अध्यक्ष दिलीपराज कार्कीले बताए।

ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले सो क्षेत्रमा पार्किङका लागि हजारीमल धर्मशाला, राणीसती अतिथि सदन, टिबडेवाला धर्मशाला रहेकाले मुख्य सडकमा रहेको पार्किङ हटाउने अभ्यास शुरू भएको बताए।

खेतानकै अध्यक्षतामा भएको छलफल कार्यक्रममा प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकी, प्रहरी निरीक्षकद्वय विदुरप्रसाद सिवाकोटी, मणिराम थापा, वीरगंज महानगरका सरफुद्दीन मियाँ, विजयकुमार गुप्ता, ग्रीन सिटीका चन्द्र अग्रवाल, सुशील कादमिया, रतन टेमानी, ज्येष्ठ नागरिक वसन्त उपाध्यायलगायतको सहभागिता थियो।




### शिवचन्द्रको गढ ...

मतान्तर घटेको हो। यो मतान्तर महागढीमाईका सबै वडाको गणना सकेपछि कुशवाहाले अग्रता लिने जनमत पार्टीका नेताहरूको दाबी छ। "उपेन्द्रजीलाई महागढीमाईमैं पछि पार्छौं, नत्र मतान्तर न्यून बनाउँछौं," जनमत पार्टीका नेता बिपी साहले भने, "पचरौताको मतपरिणामले उपचुनावको नतीजा निकाल्नेछ।" जसपाका सांसद प्रदीप यादवले अन्त्यमा उपेन्द्र यादवकै जीत हुनेमा विश्वस्त रहेको स्पष्ट पारे। "पचरौतामा उपेन्द्रजी ३–४ हजार मतान्तरले विजयी बन्नुहुनेछ, म विश्वस्त छु," उनले भने।

**बालबालिकालाई स्तनपान किन गराउने ?**

- आमाको दूधले बालबालिकाको जीवनरक्षा गर्छ।
- आमाको बिगौती दूधले बालबालिकालाई खोपसरहको काम गर्छ।
- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
- स्तनपानले आमालाई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मदत गर्छ।

**त्यसैले बालबालिकालाई पर्याप्त मात्रामा स्तनपान गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## कुवेतले सिङ्गापुरलाई हरायो

काठमाडौं, १२ वैशाख/रासस

कुवेतले सिङ्गापुरलाई पराजित गर्दै एसिसी मेन्स प्रिमियर कप अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनल पुग्ने सम्भावना बलियो बनाएको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा मङ्गलवार भएको समूह 'बी' अन्तर्गतको खेलमा कुवेतले सिङ्गापुरलाई चार विकेटले पराजित गर्दै सेमिफाइनल खेल्ने सम्भावना बलियो बनाएको हो। जीतका लागि सिङ्गापुरले दिएको ११४ रनको सामान्य लक्ष्य कुवेतले २६ दशमलव तीन ओभरमा छ विकेट गुमाएर पूरा गऱ्यो।



कुवेतका लागि अदनान इद्रिशले २८ बलमा तीन छक्का र दुई चौका प्रहार गर्दै ३८ रन बनाए। त्यस्तै, मित भावसारले ५० बलमा अविजित २७ रन बनाए। यासिन पटेलले २५ बलमा अविजित २१ रन बनाए भने सेराज खानले २० बलमा १० रन बनाए।

बलिङतर्फ सिङ्गापुरमा अक्षय पुरी र विनोद बसकरनले समान दुई/दुई विकेट लिए भने आदित्य भार्गव र थिलिपानी उमदुराईले समान एक/एक विकेट झारे। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सिङ्गापुरले ३१ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै ११३ रन बनाएको थियो। सिङ्गापुरका लागि सुरुआती ब्याट्सम्यान अमर्त्य कौलले सर्वाधिक ४५ रन बनाएका थिए। उनले ६० बलमा ४५ रन बनाए।

यसैगरी, मनप्रीत सिंहले ४४ बलमा २८ रन बनाए भने थिलिपन उमरदुराईले १३ रन जोडे। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। कुवेतका लागि कप्तान मोहम्मद असलम एक्लैले पाँच विकेट लिए भने सेराज खानले तीन विकेट झारे।

कुवेतले तीन खेलबाट चार अङ्क जोडेर अङ्कतालिकाको तेस्रो स्थानमा छ। कुवेत पहिलो खेलमा संयुक्त अरब इमिरेट्स (युएई)सँग पराजित भएको थियो। त्यस्तै, दोस्रो खेलमा कुवेतले बहराइनलाई पराजित गरेको थियो। अब बिहीवार हुने समूह चरणको अन्तिम खेलमा हङकङलाई पराजित गरे कुवेत सेमिफाइनलमा पुग्नेछ।

त्यस्तै, यस खेलसँगै सिङ्गापुर भने अङ्कविहीन रहँदै प्रतियोगिताबाट बाहिरिएको छ। समूह 'बी'मा हङकङ तीन खेलमा पाँच अङ्क जोड्दै अङ्कतालिकाको शीर्ष स्थानमा छ भने समान खेल खेलको युएई चार अङ्कका साथ दोस्रो स्थानमा छ। बहराइन तीन अङ्क बटुल्दै अङ्कतालिकाको चौथो स्थानमा छ।

## यू-१६ राष्ट्रिय क्रिकेट : मधेस र गण्डकी विजयी

काठमाडौं, १२ वैशाख/रासस

धनगढीमा जारी सुदूरपश्चिम मुख्यमन्त्री १६ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगितामा मङ्गलवार मधेस प्रदेश र गण्डकी प्रदेश विजयी भएका छन्।

आज भएका खेलमा जीत हात पार्दै मधेसले लगातार दोस्रो जीत हात पारेको हो। गण्डकीको जीत भने पहिलो हो। स्थानीय फाप्ला मैदानमा आज भएको खेलमा मधेसले कर्णालीलाई ४९ रनले पराजित गऱ्यो। अर्को खेलमा गण्डकीले कोशी प्रदेशलाई १२ रनले पराजित गऱ्यो।

पहिले ब्याटिङ गरेको मधेसले सबै विकेटको क्षतिमा १२५ रन बनायो। उसका लागि रोहन शाहले ३९ रन र चन्दन रायले २७ रन बनाए। कर्णालीका लागि विपिन शर्माले तीन विकेट तथा लक्की बम र दीप पौडेलले दुई/दुई विकेट लिए। प्रतिउत्तरमा कर्णाली प्रदेशले निर्धारित ओभरमा नौ विकेट क्षतिमा ७६ रन मात्रै बनाउन सक्यो। उसका लागि दीपेश रावतले १५ र रोशन शाहीले १३ रन बनाए।

मधेसका लागि पप्पु यादवले तीन विकेट र रोहन शाहले दुई विकेट लिए। खेलमा दुई विकेट लिएर ३९ रन बनाएका मधेस प्रदेशका रोहन शाह 'प्लेयर अफ दी म्याच' भए।

अर्को खेलमा गण्डकीले पहिले ब्याटिङ गर्दै निर्धारित ओभरमा सबै विकेट गुमाउँदै १६२ रन बनायो। गण्डकीका लागि रोहित कुँवरले ५१ रनको अर्धशतकीय पारी खेले। रोहित चन्दले ३७ रन बनाए। कोशीका लागि प्रतीक पोखरेल, सौजन घिमिरेले तीन/तीन विकेट र प्रेम कामतले दुई विकेट लिए। प्रतिउत्तरमा कोशीले निर्धारित ओभरमा आठ विकेट क्षतिमा १५० रन मात्रै बनाउन सक्यो।

उसका लागि दीपु भुजेल र शिवांश बजगाईंले समान ३५/३५ रन बनाए भने सौजन घिमिरेले २३ रन जोडे। गण्डकीका लागि सिब्रिन श्रेष्ठले चार विकेट र अश्विन थापाले दुई विकेट लिए। चार विकेट लिएका गण्डकीका सिब्रिन श्रेष्ठ खेलको 'प्लेयर अफ दी म्याच' भए।

प्रतियोगिता अन्तर्गत भोलि सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका बीच तथा अर्को खेल कोशी प्रदेश र वाग्मती प्रदेशका बीच हुँदैछ। प्रतियोगितामा देशका सातवटै प्रदेशको क्रिकेट टीमको सहभागिता छ।

# विद्यार्थीलाई पुस्तक वितरण

नितेश कर्ण, वीरगंज, १२ वैशाख/

परमदेनी तिवारी नेरा आधारभूत विद्यालय, वीरगंज–१ बजार छपकैयाका विद्यार्थीहरूलाई पुस्तक वितरण गरिएको छ।


तस्वीरः प्रतीक

कक्षा २ देखि ७ सम्मका १५० जना विद्यार्थीलाई वडाध्यक्ष मनोजराउत कुर्मीले पाठ्यपुस्तक वितरण गरेका थिए। सो अवसरमा वडाध्यक्ष कुर्मीले विद्यालयको भौतिक विकासका लागि आवश्यक सहयोग गर्ने बताए। उनले विद्यार्थी भर्नादर बढाउन, भएका विद्यार्थीहरूलाई अन्यत्र जानबाट रोक्न र गुणास्तरीय शिक्षा प्रदान गर्न शिक्षकहरूलाई सुझाए। उनले शैक्षिक गतिविधि बढेको खण्डमा मात्र वडाको विकास हुने बताए।

प्रधानाध्यापक रामरेखा राउतले विद्यालयको भौतिक पूर्वाधारका लागि बजेट विनियोजन गर्न आग्रह गरे। उनले नयाँ विद्यार्थी भर्ना अभियान जारी रहेको बताए।